उपसभापति वाग्लेद्वारा संसदीय छानबिन समिति गठन गर्न माग | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २४७ • २०८१ साल माघ १९ गते शनिबार (1 February, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## विद्यार्थीद्वारा नै अनलाइन ठगी धन्धा



**टुडे समाचारदाता**

जनकपुरधाम । पटक पटक ठगी धन्धा भइरहेको घटना सार्वजनिक भइरहेकै बेला आइटी पढ्ने विद्यार्थीहरुको एक समूहले अनलाइनबाट अर्बौं रुपैयाँभन्दा बढी ठगेको देखिएको छ ।

अनलाइनबाटै ३ अर्ब रुपैयाँभन्दा बढी ठगी गरेको आरोपमा दुई जना भारतीयसहित सात जनालाई प्रहरीले पक्राउ गरे पछि सो तथ्यको खुलासा भएको छ । कम्युटर इन्जिनियरिङ पढ्दै गरेका विद्यार्थीहरुको एक समूहले डेढ वर्षदेखि ठग्दै धन्धा चलाउँदै आएको खुलासा भएको छ ।

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले सो ठगी धन्धाको काममा संलग्न रहेको आरोपमा रौतहटका २२ वर्षीय सत्यमकुमार सहनी, कैलालीका २२ वर्षीय माइकल डंगौरा, २६ वर्षीय अनिल विश्वकर्मा, काठमाडौंका २१ वर्षीय पियुष श्रेष्ठ, दोलखाका १९ वर्षीय अश्विन चौलागाईलाई पक्राउ गरेको जनाइएको छ ।

सीआईबीका प्रवक्ता प्रहरी उपरीक्षक सुधिरराज शाहीले सो घटनामा भारतका ३६ वर्षीय मुन्ना कुमार र २७ वर्षीय रोशन कुमारलाई पनि पक्राउ गरेको बताए । प्रवक्ता शाहीले हालसम्म प्राप्त डिजिटल फरेन्सिक अनुसन्धानको रिपोर्ट अनुसार उनीहरूले ३ अर्ब रुपैयाँभन्दा बढी ठगी गरेको देखिएको बताए ।

उनीहरूले विभिन्न व्यक्तिहरुलाई परिचालन गरी ठगी तथा अभौतिक मुद्राको कारोबार गर्ने गरेको सीआईबीले जनाएको छ । उनीहरूविरुद्ध प्रहरीले संगठित रूपमा ठगीका साथै अभौतिक मुद्रा (क्रिप्टो करेन्सी) कारोबारको कसुरमा अनुसन्धान गरिरहेको सीआईबीले जनाएको छ ।

उनीहरूले विभिन्न बैंक र डिजिटल वालेट प्रयोगकर्तालाई आफूहरू सोही बैंक र वालेटबाट बोलेको भन्दै फोन गरी सिस्टम अपडेटका नाममा ओटीपी मागेर खाताबाट पैसा चोरी गर्दै आएका छन् । सामाजिक सञ्जालहरूमा अनलाइन जागिरको नाममा आममानिसहरूलाई रोजगारी दिने भन्दै उनीहरूको बैंक तथा वालेट आफैंले प्रयोग गर्ने गरेको अनुसन्धानबाट देखिएको उनले बताए ।

प्रवक्ता शाहीले अनलाइन ठगी धन्धाबाट जम्मा गर्नका लागि रकम संकलन गर्ने गरेको समेत बताए ।

# सिंहदरबार र संसदमै रंगभेदको व्यवहार

## 'संसद्कै मुखिया नश्लवादी भएपछि कुन ठाउँमा न्याय माग्न जाने ?'

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्ता गठबन्धन दलका सहयात्री जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउतले सिंहदरबार र संसद्मै पनि रंगभेदको व्यवहार हुने गरेको आरोप लगाएका छन् ।

प्रतिनिधिसभामा शुक्रबार भएको हिउँदे अधिवेशन बैठकमा बोल्दै सांसद राउतले संसद्मै मधेशी अनुहार देख्ने वित्तिकै रंगभेदको व्यवहार गर्नु दुःखद रहेको भन्दै असन्तुष्टि पोखेका छन् ।

अध्यक्ष राउतले भने, 'सिंहदरबारभित्र रंगभेद छ भुटानबाट, अमेरिकी नागरिकता बोकेको मान्छे आयो भने नसोधेरै छिर्न दिन्छ । तर हामीलाई यसो हेरेर भाइ आप भारत से आए हो ? भनेर प्रश्न गर्छ' उनले अघि थप्दैं भने, 'संसद्कै मुखिया नश्लवादी भएपछि कुन ठाउँमा हामी न्याय माग्न जाने ? नश्लवाद, रंगभेदको अन्त्य हुनुपर्छ ।'

उनले ओली नेतृत्वको सरकारले लामो समयदेखि संसद्लाई बन्धक बनाएको आरोप लगाए । सरकारले लामो समय संसद् बन्धक बनाएको आरोप लगाउँदै सञ्चालन भएको बेला बढीभन्दा बढी काम गर्न सक्नुपर्ने बताए ।

उनले संसद्बाट बढीभन्दा बढी कामहरु प्रभावकारी रुपमा गर्नुपर्ने र अधिकतम कानुन निर्माणमा केन्द्रित हुनुपर्ने उनको भनाइ छ ।

"सिंहदरबारभित्र रंगभेद छ भुटानबाट, अमेरिकी नागरिकता बोकेको मान्छे आयो भने नसोधेरै छिर्न दिन्छ । तर हामीलाई यसो हेरेर भाइ आप भारत से आए हो ? भनेर प्रश्न गर्छ"



अध्यक्ष राउतले भने, 'संसद्को साँचो सरकारसँग भएकाले लामो समय बन्धक भयो । ढिलै भए पनि हामीले जनताका कुरा संसद्मा राख्न पाएका छौं । अधिकतम ऐन कानुन यो संसद्बाट पारित गरौं ।'

सुशासन र लगानी प्रवर्द्धनका लागि आएका अध्यादेश स्वागतयोग्य रहेको उनले बताए । अध्यादेशमार्फत सूचना प्रविधिका क्षेत्रमा काम गरिरहेका कम्पनीहरुलाई सहजीकरण गर्नसक्ने व्यवस्था सकारात्मक रहेको उनको भनाइ छ ।

भूमिहीनलाई व्यवस्थापन गर्ने विषय राम्रो भएको अध्यक्ष राउतले बताउँदै भने,"वास्तविक भूमिहीन पहिचान गरेर जग्गा वितरण गर्नुपर्छ ।"

उनले न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका छुट्टै र स्वतन्त्र हुने सोचे पनि सोहीअनुसार काम नहुने गरेको गुनासो गरे । अध्यक्ष राउतले भने, 'संसद किन खुलिरहेको छैन भनेर सोच्दा, हामी त शक्ति पृथकीकरण भन्छौं, व्यवस्थापिका छुट्टै, कार्यपालिका छुट्टै, न्यायपालिका छुट्टै स्वतन्त्र रुपले चल्नसक्ने भनेर मान्छौं, तर यहाँ हुँदा के रहेछ भने संसद्को पनि साँचो कतै न कतै सरकारले नै बोक्दो रहेछ ।'

अध्यक्ष राउतले सरकारको फोन कुरेर न्यायलयले फैसला गर्ने गरेको आरोप लगाए । सरकारले अधिवेशन नबोलाउँदासम्म संसद् सुचारु नहुने कुरा हो भने पुनःर्विचार गर्न आवश्यक भएको समेत उनले जिकिर गरे ।

अध्यक्ष राउतले भने, 'सरकारले अधिवेशन नबोलाउँदासम्म संसद पनि सुचारु नहुने खालको व्यवस्था वा संवैधानिक प्रावधान रहेको छ । सरकारले नै संसदको पनि साँचो राखिदिएपछि र संसद् पनि सरकारले चलाएपछि बल्ल चल्ने नचलाए नचल्ने, कुनै पार्टीको आफ्नो कामर्यक्रम भए नचल्ने, शीर्ष नेतालाई हाच्छ्यूँ आइदिँदा संसद् नै रोक्नुपर्ने यस्तो हो भने पुनःविचार गर्नुपर्छ ।'

यता मधेश केन्द्रित दलहरु मोर्चा बनाएर अघि बढ्ने निर्णय गरेसंगै सत्तामा रहेर पनि वर्तमान सरकारको घुमाउँरो पाराले मधेशी दलका नेताहरुले विरोध गर्न थालेका छन् ।

सोही क्रममा प्रतिनिधिसभाको बैठकमा शुक्रबार घुमाउरो पारामा अध्यक्ष राउत, जनता समाजवादी पार्टी नेपालका वरिष्ठ उपाध्यक्ष राजकिशोर यादव, आमजनता पार्टीका अध्यक्ष प्रभु साहलगायतका नेताहरुले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारको मिश्रित रुपमा आलोचना गर्न थालेका छन् ।

मधेशी नेताहरु एकठाउँमा उभिदै गएपछि उनीहरुको स्वर एकत्रित हुन थालेको छ । उनीहरुले प्रतिनिधिसभाको बैठकमा सरकारको आलोचनासमेत गरेका छन् ।

मधेश प्रदेशको सत्ताको ढोका कुरिरहेका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले समेत बेलाबखत प्रधानमन्त्री ओलीको आलोचना घुमाउरो पारामा गर्ने गरेका छन् भने उनी पछि दोश्रो तहका नेताहरुले ठाउँठाउँमा ओली सरकारको आलोचना गर्न नछाडेको आरोप एमालेजनले नै लगाउने गरेका छन् ।







जनकपुर टुडे



# महावाणिज्य दूतावासद्वारा वीरगञ्जमा सरसफाई

**टुडे समाचारदाता**

वीरगञ्ज ।

भारतीय महावाणिज्य दूतावासले वीरगञ्जमा बृहत सरसफाई कार्यक्रम गरेको छ । वीरगञ्जमा शुक्रबार बिहान आयोजना गरिएको सर सफाई कार्यक्रम महावाणिज्य दुतावास परिसरबाट शुरु गरिएको थियो ।

वीरगञ्ज महानगरपालिका कार्यालय र ग्रीनसिटी सामुदायिक प्रहरीको सहकार्यमा आयोजना गरिएको सरसफाई कार्यक्रमको उद्घाटन वीरगन्जका नगर प्रमुख सहयोग विना महानगरपालिका कार्यलयले चलाएको कुनै पनि अभियान सम्भवन नहुने मेयर सिंहको धारणा रहेको थियो ।

सो कार्यक्रममा भारतीय महावाणिज्य दूत देवी सहाय मिनाले सरसफाई कार्यक्रमबाट जनचेतना बढाउने उदेश्यका साथ कार्यक्रको आयोजना गरिएको बताए ।

उनले सरसरफाई प्रति सबैको सजगताले वीगन्जलाई क्लिन वीरगञ्ज, ग्रीन वीरगञ्जको सपना साकार हुने आशा व्यक्त गरे ।



राजेशमान सिंह र भारतीय महावाणिज्य दुत देवी सहाय मिनाले संयुक्त रुपमा गरेका थिए । कार्यक्रमको उद्घाटन गर्दै मेयर राजेशमान सिंहले सरसफाई महानगरको पहिलो प्राथमिकतामा रहेको बताए ।

उनले अहिले मुख्य सडक क्षेत्र सफा गरिए जस्तै शहरका भित्री गल्ली र गाउका वडाहरुमा पनि निरन्तर सफाई गर्ने कार्य भइरहेको बताउनु भयो । साथै नगर प्रमुख सिहले सरसफाईका लागी वीरगञ्जवासीको साथ र सहयोगको आवश्यकता रहेको बताए । नगरवासीको

सो कार्यक्रममा सहभागीहरुले महावाणिज्य दूतावास अगाडिबाट मुख्य सडकको सरसफाई गर्दै वीरगञ्जको मुर्ली चौकमा पुगेर पुन दुतावास फर्केका थिए । सरसफाई कार्यक्रममा सशस्त्र प्रहरी १३ नम्बर गणका नायब सशस्त्र प्रहरी उपरीक्षक नरेन्द्र सिंह धामी, दूतावासका कन्सुलहरु तरुण कुमार, सञ्जय कुमार, मनिष दास लगायत जनपथ र सशस्त्र प्रहरीहरु, सञ्चारकर्मी र सामुदायिक सेवा केन्द्रका पदाधिकारीहरुको उलेख्य उपस्थिति रहेको थियो ।

# सप्तरीमा खोप अभियान दूई चरणमा

**टुडे समाचारदाता**

राजविराज । नेपालमा प्रत्येक दिन पाठेघर मुखको क्यान्सरबाट ४ जना महिलाको मृत्यु हुने गरेको तथ्याँक सार्वजनिक गरिएको छ ।

जिल्ला खोप समन्वय समिती सप्तरीले शुक्रवार जिल्ला स्वास्थ्य कार्यालयको समन्वयमा जिल्लामा २३ माघ देखी संचालन हुने एचपीभी खोप अभियानबारे जानकारी दिने उदेश्यले आयोजित संचार क्षेत्रसंगको अभिमुखीकरण कार्यक्रममा यस्तो तथ्याङ्क सार्वजनिक गरिएको हो ।



कार्यक्रममा विश्व स्वास्थ्य संगठनका प्रतिनीधी एवं खोप अधिकृत सरला न्यौपानेले यस्तो तथ्याङ्क प्रस्तुत गरेकी हुन । उनले पाठेघरको मुख क्यान्सरबाट नेपालमा दैनिक ४ जना महिलाको मृत्यु हुने गरेको भन्दै मृत्युदर घटाउन र महिलालाई पाठेघरको मुखको क्यान्सर रोगबाट जोगाउन अहिले नेपालमा एचपीभी खोप अभियान चलाइएको जानकारी समेत दिइन् ।

उनले नेपालमा क्यान्सरको कारणबाट महिलाहरुको मृत्यु हुनुमा पाठेघरको मुखको क्यान्सर नै पहिलो कारण देखिएको भन्दै अभियान सफल बनाउन सञ्चारकर्मीहरु समेतलाई सहयोग गर्न आग्रह गरिन ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख देवकान्त झाले एचपीभी खोप अभियान २३ माघ देखी जिल्लामा २ चरणमा संचालन हुने जानकारी दिए ।

पहिलो चरण माघ २३ देखी ३० सम्म जिल्लाको डाक्नेश्वरी नगरपालिका, बोदेबर्साइन नगरपालिका, सुरुंङ्गा नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका तथा रुपनी गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, राजगढ गाउँपालिका र बलान विहुल गाउँपालिका संचालन हुने छ ।

दोश्रो चरण फागुन १ गतेबाट राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तकोशी नगरपालिका, कञ्चनरुप नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका, अग्नीसाईर कृष्णासवरण गाउँपालिका र विष्णुपुर गाउँपालिकामा संचालन हुने सो अवसरमा स्वास्थ्य कार्यालयका प्रमुख झाले जानकारी दिए ।

उनले उक्त अभियान मुलुकभर एकै दिन २२ माघ देखी संचालन हुने तय रहेपनि सप्तरीमा सरस्वती पुजा र त्यसको भोली पल्ट मुर्ती सेलाउन दिनमा विद्यालयहरु बन्द रहने भएका कारण यहाँ २३ माघदेखी अभियान थालिने निर्णय गरिएको बताए ।

जनस्वास्थ्य अधिकृत जागेश्वर खडकाले जिल्लामा एचपीभी खोप अभियान संचालनका लागी ४ सय ५० खोप केन्द्र कायम गरिएको र यसमा १ हजार भन्दा बढी स्वास्थ्यकर्मी परिचालन हुने जानकरी दिए ।

अर्का जनस्वास्थ्य अधिकृत हिरेन्द्र प्रसाद साहले जिल्लामा १० देखि १४ वर्ष उमेर समुहका ३६ हजार ७ सय १ जना बालिकालाई लक्षित गरी अभियान चलाउन लागिएको बताए ।

कार्यक्रममा जिल्ला खोप समन्वय समितिका अध्यक्ष एवं जिल्ला समन्वय समितिका प्रमुख शिव नारायण साह, प्रमुख जिल्ला अधिकारी भोला दाहाल लगायतले पनि बोल्दै खोप अभियान सफल बनाउन सबैले सहयोग गर्नू पर्नेमा जोड दिएका थिए ।

# महाकुम्भ मेलामा हराएकामध्ये दुई जना नेपाली सम्पर्कमा

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा जारी महाकुम्भ मेलामा स्नानका क्रममा बुधबार बिहान भएको भागदौडमा सम्पर्कविहीन भएका पाँच जना नेपालीमध्ये दुई जना सम्पर्कमा आएको जनाइएको छ ।



सो भागदौडमा सम्पर्कविहीन भएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका- ३ स्थित सकरपुराका ६५ वर्षीय बुलबुल खङ्ग शुक्रबार बिहान परिवारको सम्पर्कमा आएको सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । त्यस्तै धनुषाको जनकपुरधाममा बस्दै आएकी केवलादेवी यादव पनि सम्पर्कमा आएको परिवारजनले जनाएको छ ।

सप्तरी तिलाठी कोइलाडी गाउँपालिका- १ की ६० वर्षीया सुनैनादेवी झा बुधबार बिहानदेखि महाकुम्भ मेलाबाट सम्पर्कविहीन भएको उनका छोरा ललित झाले बताए । चार दिनअघि सुनैनादेवीसहित ८ जनाको पारिवारिक समूह कुम्भ स्नानका लागि प्रयागराज पुगेको थियो ।

त्यस्तै जनकपुरधाम उपमहानगरपालिका- ८ स्थित बलवाटोलका ४५ वर्षीय नवलकान्त मिश्रा र उनका २ वर्षीय छोरा कार्तिक मिश्रा महाकुम्भ मेलामा भएको भागदौडमा परिवारजनसँग सम्पर्कविहीन भएका थिए । उनको खोजी कार्य गरिदिन परिवारजनले सामाजिक सञ्जालमार्फत आग्रह गरेका छन् ।

त्यस्तै महोत्तरीको बर्दिवास नगरपालिका वडा नम्बर १० स्थित खयरमाराकी केवलादेवी यादव सम्पर्कमा आएकी छन् ।

उनी मौनी अमावस्याका दिन प्रयागराजस्थित संगम स्नानकालागि गएकी थिइन् ।

तर सो दिन भएको भागदौडको क्रममा उनी सम्पर्कविहिन भएकी थिइन् ।

# अदालतको अवज्ञा गर्दै महतोले विवादित जग्गा कब्जा



**अनिल तिवारी**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिका वडा नम्बर ८ स्थित विवादित घरजग्गा तोडफोड प्रकरण फेरि चर्चामा आएको छ ।

अदालतको आदेशको अवज्ञया गर्दै जमिन कब्जा गरेपछि विवाद चर्किएको हो । करिब १० करोड रुपैयाँ मूल्य पर्ने उक्त घरको पूर्जा १८ लाख रुपैयाँमा खरिद गरी तीन वर्षदेखि स्वामित्व दाबी गर्दै आएका भुटा भनेर चिनीने जोगिन्द्र महतोले गत पुष १९ गते अपरान्ह ३ बजे घर भत्काएका थिए ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर ५ का जोगिन्द्र महतोले विवादित जग्गाको पूर्जा खरिद गरी अकुत सम्पत्ति आर्जन गर्न सफल भएको बताइन्छ । करिब सवा करोड रुपैयाँ खर्च गरी प्रहरी प्रशासन र महानगरको मिलेमतोमा घर तोडिएको आरोप लागेका महतो विरुद्ध अदालतको निशेधाज्ञा जारि गरेको थियो । तर सम्मानि अदालतको निशेधाज्ञाको उल्लंघन गरी घर भत्काएको भन्दै पुन जनकपुर उच्च अदालतको अस्थायी इजलास, वीरगञ्जमा उजुरी दर्ता गरिएको छ ।

वडा नम्बर १०, वीरगञ्ज सामुदायिक आँखा अस्पताल नजिक रहेको कित्ता नम्बर २६९ को ००३३८.६ वर्गमीटर क्षेत्रफलको सो जग्गा राजकुमार गुप्ताले खरिद गरी महानगरपालिकाबाट नक्सा पास गराएर घर निर्माण गरेका थिए । वीरगञ्ज उपमहानगरपालिकाबाट निर्माण सम्पन्न प्रमाण पत्रसमेत प्राप्त गरेका गुप्ताले घरमा बसोबास गर्दै आएका थिए ।

तर, केही समय पछि मेनका खनालले सो जग्गा आफ्नो भएको दाबी गर्दै पर्सा जिल्ला अदालतमा मुद्दा दर्ता गरिन् । अदालतले गुप्ताकै पक्षमा फैसला गरेपछि उनले निरन्तर उक्त घरजग्गा भोगचलन गरिरहेका थिए ।

जोगिन्द्र महतोले विवादित सो जग्गा मेनका खनालसँग पूर्जा खरिद गरेपछि घर आफ्नो भएको दाबी गर्दै खाली गराउन दबाब दिन थालेका थिए ।

पर्सा जिल्ला अदालतले २०७१ असार २४ गते नै उक्त घर राजकुमार गुप्ताको एकलौटी स्वामित्वमा रहेको निर्णय गरिसकेको थियो । यस्तै, २०७४ माघ २२ गते उच्च अदालतले घर खाली नगर्न/नगराउन भनी निषेधाज्ञा आदेश जारी गरेको थियो ।

जोगिन्द्र महतोले विवादित घरजग्गा कब्जा गर्न सवा करोड रुपैयाँ खर्च गरेको घर भत्काउन खटिएका उनकै नजिकका व्यक्तिले यात्रा डेलीसँग खुलासा गरे ।

तर स्थानिय प्रशासन र महानगरका प्रतिनिधि र कर्मचारीहरुलाई नाजराना बुझाएर अदालतको आदेश उल्लंघन गर्दै गत पुष १९ गते घर तोडफोड गरिएपछि राजकुमार गुप्ताले घरवार बिहिन भएका छन । बलजफ्ती गरिएको कब्जाको विरोधमा पुनः अदालतको आदेशको अवज्ञा गरेको भन्दै फौजदारी अपराधको मुद्दा दर्ता गर्ने तयारी गरिएको पीडित गुप्ताले बताए ।

घटनाले वीरगञ्जमा सरकारी निकाय र न्यायालयको आदेश पालना गराउने प्रक्रियाप्रति गम्भीर प्रश्न उठाएको छ । अब अदालतले यस विषयमा कस्तो निर्णय लिन्छ भन्ने चासो बढ्दै गएको छ ।

# विपन्नलाई निःशुल्क उपचार गराउँदै गाउँपालिका

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको रुपनी गाउँपालिकाले विपन्न समुदायलाई लक्षित गरी निःशुल्क स्वास्थ्य शिवीर संचालनमा ल्याएको छ ।

शुक्रबारदेखि सो गाउँपालिकाको वडा नं.३ कटैयाबाट शूरु भएको निःशुल्क स्वास्थ्य उपचार शिवीर क्रमशः पालिकाको सबै ६ वटै वडामा पुऱ्याउने गाउँपालिकाले जनाएको छ । युनिक कलेज एण्ड टिचिङ्ग अस्पतालको प्राविधीक सहयोग र सहकार्यमा स्थानीय स्वास्थ्य चौकी कटैयामा शुरु भएको निःशुल्क स्वास्थ्य शिवीरको एक कार्यक्रमबीच गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवले उद्घाटन गरेका छन् ।



सो अवसरमा उनले रकमको अभावमा उपचार गराउन न सकी रोग पालेर वस्न बाध्य भएका नागरिकलाई लक्षित गरी गाउँपालिकाले निःशुल्क स्वास्थ्य शिवीर आयोजना गरेको बताए । उनले स्वास्थ्य क्षेत्रलाई मात्र नभई पालिकाले कृषि, शिक्षा र समाज उत्थानका विभिन्न क्षेत्रलाई प्राथमिक्तामा राखीएको भन्दै यस क्षेत्रको सुधारका लागि सबैको सहयोग आवश्यक रहेको बताए ।

सो शिवीरमा जेनरल फिजिसियनका साथै, मुटु, घाँटी, छाला, मानसिक, स्त्री, पाठेघर, हार्डजोर्नी, दन्त, बाल, आँखा, कान लगायतको रोग सम्बन्धि निःशुल्क उपचार सेवा प्रदान गरिने व्यवस्था मिलाइएको गाउँपालिकाका सूचना अधिकारी राम कुमार भगतले जानकारी दिए । शिवीरमा आउने विरामीका लागी विभिन्न परिक्षण तथा आवश्यक औषधीहरु पनि निःशुल्क उपलब्ध गराउने ब्यवस्था मिलाइएको प्रमुख प्रशासकिय अधिकृत तारणी प्रसाद यादवले जानकारी दिए ।

युनिक कलेज एण्ड टिचिंग अस्पतालका प्रशासन प्रमुख सत्य नारायण यादवको व्यवस्थापन तथा डा.रविन्द्र चौधरीको नेतृत्वको विभिन्न रोगका विषेशज्ञ सहितको टोलीले उपचार सेवा प्रदान गर्न थालेको कटैया उपस्वास्थ्य चौकीका प्रमुख बैद्यनाथ मण्डलले बताए । शिविरको पहिलो दिन विरामीको घुँइचो लागे पनि विभिन्न स्वास्थ्य परिक्षण पश्चात ३० पुरुष र ३७ महिला गरी ६७ जना विरामीले पुर्ण उपचार सेवा प्राप्त गरेको उनले बताए ।

कटैया शिवीर सकिएपछि माघ २१, माघ २५, माघ ३०, फागुन १० तथा विभिन्न मितिमा गरी क्रमशः असार महिना सम्म उक्त शिविर पालिकाको सबै ६ वटै वडामा संचालन हुने तय भएको गाउँपालिकाले जनाएको छ ।

गाउँ मै आएर स्वास्थ्यकर्मीको टोलीले उपचार र आवश्यक औषधी समेत निःशुल्क उपलब्ध गराइदिए पछी विरामी र उनका आफन्त खुशी भएका छन् ।

# भगवान बचतको १२ औ साधारणसभा सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । भगवान बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औ वार्षिक साधारणसभा सम्पन्न भएको छ । मारवाडी सेवा समितिमा आयोजना गरेको कार्यक्रममा सफलताका साथ १२ औ वर्षमा प्रवेस गरेकोमा सहभागीहरुले संस्थाको प्रगतीप्रति बधाई ज्ञापन गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि मारवाडी सेवा समितिका अध्यक्ष निमर्ल चौधरीले सहकारीको मुख्य लक्ष्य सानो लगानीलाई एकीकृत गरेर अगाडी बढ्ने रहेको र यस लक्ष्यमा संस्था अगाडी बढेकोमा बधाई ज्ञापन गरेका थिए ।

उनले सहकारी अहिलेको अवस्थामा विवादमा आएको र यसै काण्डमा पुर्व गृहमन्त्री रवि लामिछाने पनि मुछिएकोले यसप्रति सजग हुन उनले आग्रह गरेको थिए । सरकारकै नाकामीका कारण अहिले जनतामा वितृष्णा बढेकोले सबै सदस्यहरु इमान्दार भएर सहकारीलाई अगाडी बढाई जनताको मन जित्नुपर्ने आवश्यकता रहेको उनले बताए ।

कार्यक्रममा राष्टिय मुक्ती पार्टीका नेता तथा हिन्दी अभियानी रमण पाण्डेले सहकारीको अर्थ नै सहकार्य भएकोले सहकार्यप्रति सबै शेयर सदस्य इमान्दार भएर चिन्तित हुनु आवश्यक रहेको बताए । लगानीलाई अगाडी बढाउदै प्रतिफलमा सबैलाई साझेदार बनाउनुपर्छ,सहकारी एउटा परिवार जस्तै रहेको हुन्छ,त्यसकारण पारदर्शितालाई आफनो हतियार बनाएर अगाडी बढे निश्चय नै सफलता पाउने छ ,उनले भने । त्यसैगरि राष्टिय मुक्ती पार्टीका नेता संजय चौधरीले सहकारी अहिले कान्डै कान्ड मा रहदा अहिले सहकारी प्रती जनताको मोह कम भएको बताए ।

त्यसकारण सहकारी प्रति जनता को हटेको मोह लाई पुनः ल्याउन इमानदारी का साथ अगाडि बढनु आबस्यक रहेको उनको भनाई थियो ।

कार्यक्रममा संस्थाका सभाध्यक्ष सुजित कुमार झाले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा संस्थाका कोषाध्यक्ष रामकृपाल साह,संस्थाका प्रमुख सदस्यहरु प्रमोद श्रीवास्व,गौतम अग्रबाल लगायत शेयर सदस्यहरुको उपस्थिती रहेको थियो । संस्थाले १२ वर्ष देखि उतकृष्ट सहकारी संस्थाको रुपमा कार्य गर्दै आएको बताइएको छ ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# असीको दशक समृद्धिको दशक बन्नुपर्छः प्रधानमन्त्री ओली (पूर्णपाठ)

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले ८० को दशकलाई समृद्धिको दशक बनाउनुपर्ने बताउनुभएको छ। आजदेखि सुरु प्रतिनिधिसभाको पाँचौं अविधेशनको बैठकमा सम्बोधन गर्दै उहाँले भन्नुभयो, "असीको दशक समृद्धिको दशक हुनुपर्छ। यो समयलाई खेर नफालौं। अबको दशकलाई विकासको दशक बनाऔं र देशलाई स्थिरता दिऔं।"

उहाँले ६० को दशकलाई गणतन्त्र स्थापना र सङ्क्रमणकालको दशक भन्न सकिने उल्लेख गर्दै उक्त समयमा नयाँ संविधान निर्माणको प्रयास भएको बताउनुभयो । "सत्तरीको दशक सङ्क्रमणको अन्त्य, संविधान निर्माण तथा समृद्धिको आधार निर्माणको दशक रह्यो । यस दशकमा नाकाबन्दी र भूकम्पले सिर्जना गरेका बाधाहरु पन्छाउँदै संविधान कार्यान्वयन गर्ने कानुन बनाउने र दूरगामी महत्वका पूर्वाधार निर्माणका काम भए", उहाँले भन्नुभयो । संविधान कार्यान्वयन गर्ने, भूकम्पपछिको पुनःनिर्माण गर्ने, स्थायित्व कायम राख्ने र शान्ति प्रक्रियालाई संस्थागत गर्ने दशकका रूपमा यसलाई लिन सकिने उहाँको भनाइ छ।

"यसका लागि हामीले संविधान, ऐन र कानुनमा जहाँ जे संशोधन र परिर्वतन चाहिन्छ, गर्नुपर्छ । हामीले सुरुदेखि भन्दै आएका छौं, संविधान देश र जनताको हितका लागि साधन हो, साध्य होइन", उहाँले भन्नुभयो, "संविधान असंशोधनीय विषय पनि होइन । हामीले संविधान बनाएको १० वर्ष भयो। अब यसको समीक्षा गर्ने बेला आएको छ।"

**प्रधानमन्त्री ओलीको सम्बोधन**

**सम्मानलीय सभामुख महोदय,**

सर्वप्रथम यस गरिमामय सदनको पाँचौं अधिवेशनमा म सबै माननीयज्यूहरुलाई हार्दिक स्वागत गर्दछु। म यस गरिमामय सदनमार्फत देश र जनताका निम्ति आफ्नो अमूल्य जीवन समर्पण गर्ने ज्ञात/अज्ञात सहितहरूको विशेष स्मरण गर्दै ती सम्पूर्ण वीर/वीराङ्गनाहरूप्रति हार्दिक नमन एवं श्रद्धाञ्जली अर्पण गर्दछु। देशलाई विकास र समृद्धिको दिशामा अघि बढाउने सहिदहरूका महान् सपनालाई साकार पार्ने दृढ सङ्कल्प पनि गर्दछु । साथै यस राष्ट्रको जीवनमा अमूल्य योगदान दिने पुष्पलाल, बिपी कोइराला, गणेशमान सिंह र मदन भण्डारीलगायत सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। "पछिल्लो नौ वर्षमा बुटवल-पाल्पा सडकखण्डको सिद्धबाबामा ४२ पटक सवारी दुर्घटना भयो, धेरैको ज्यान गयो।" सभामुख महोदय, यो केही समयअघि एउटा अनलाइनमा आएको समाचार शीर्षक हो।

त्यो समाचार हेर्दैगर्दा मेरो आङ सिरिङ भयो । सबैखाले सवारी दुर्घटनामा ज्यान गुमाउने परिवारका बृद्ध बाबुआमा र टुहुरा छोराछोरीको वेदनाले म केही भावुक पनि बनें। सडक पूर्वाधार असुरक्षित हुँदा हामी दिनदिनै यस्ता खबर सुन्न अभिसप्त छौं। मैले सङ्कल्प गरें- अब हामीले यस स्थितिलाई बदल्नु पर्नेछ र त्यसका लागि काम गर्नुपर्नेछ। यस्ता वेदनामय खबरहरुबाट पार पाउन आज केही काम अघि बढिरहेको म स्मरण गराउन चाहन्छु।

यसपटक संसद्को हिउँदे अधिवेशन सुरु हुनुभन्दा एक साताअघि सिद्धबाबा सुरुङमार्ग ब्रेक-थ्रु भएको छ। अब केही समयभित्र हामी यस सुरुङमार्गलाई सञ्चालनमा ल्याउने छौं । यसले पाल्पा, स्याङ्जा, कास्की, गुल्मी र अर्घाखाँचीको उत्तरी भेग हुँदै प्युठानलाई बुटवलसँग जोड्ने छ। यही सडक कालीगण्डकी करिडोरसँग पनि जोडिँदै छ र त्यहाँका जनताको जीवनमा यसले ठूलो परिवर्तन ल्याउने छ। सडक यात्राको असुरक्षा घटाउन र पूर्वाधारलाई दिगो बनाउन हामीले सुरुङमार्गको योजना अघि सारेका थियौं।

**सम्मानलीय सभामुख महोदय,**

प्रधानमन्त्री भएपछि संसद्बाट विश्वासको मत लिने क्रममा मैले भनेको थिएँ- यो सरकारको सबैभन्दा पहिलो प्राथमिकता थालेको कामसक्ने हो। थालेका कामहरुलाई हामीले कहाँ पुऱ्याउँदैछौं ! यस विषयमा मैले आज यस सम्मानित सदनलाई जानकारी गराउनुपर्दछ-

-काठमाडौं-तराई द्रुत मार्गअन्तर्गत मकवानपुरको धेद्रे सुरुङ पनि ब्रेक थ्रु भएको छ।

-चीन र भारतलाई जोड्ने हाम्रो राष्ट्रिय गौरवको आयोजना जोगवनी-किमाथाङ्का सडकमार्ग केही दिन अघि मात्रै ब्रेक-थ्रु भएको छ।

-ठेकेदार कम्पनीले काम छोडेपछि बुटवल-नारायणगढ खण्डको सडक निर्माणको काम यो सरकार आउँदाका बखत अलपत्र थियो। आज त्यसको काम द्रुत गतिमा अघि बढिरहेको छ।

-यो सरकार आउँदा धुलो उडिरहेको मुग्लीन-पोखरा सडक आज चिल्लो र आकर्षक भएको छ।

-खेल हाम्रा युवाको जीवनशैली बनेको छ। त्यसैले यस पटक क्याबिनेटको पहिलो बैठकले कीर्तिपुरको क्रिकेट खेलमैदानलाई रङ्गशाला बनाउने र त्यसमा फ्लड लाइट जोड्ने निर्णय गरेको थियो। त्यसका लागि टेण्डर आह्वान भएको छ- तोकिएको दिनभित्रै त्यसलाई सम्पन्न गर्नेगरी काम अघि बढिरहेको छ।

-रङ्गशालाकै कुरा गर्दा सुर्खेतमा आधुनिक कर्णाली रङ्गशाला तयार भएको छ। देशको दुर्गम भूगोल मानिने कर्णालीमा आधुनिक रङ्गशाला- यो हाम्रा युवाको भविष्यका लागि सुखद् सन्देश हो।

-विकास निर्माणका काममा 'ब्रेक-थ्रु' मात्र होइन 'ब्रेक' लगाएर राखिएका कतिपय कामलाई पनि हामी आएपछि 'थ्रु' गरेका छौं।

-कुनै न कुनै संरचना बनिरहेको र त्यसले जनतालाई सुविधाको ढोका खोलिरहेको खबर नागरिक जीवनका लागि सुखद् हो। निराशाको व्यापार गर्ने, असन्तुष्टि र उत्तेजनाको उद्योग चलाउने, त्यसमा नै आफ्नो भविष्य देखिरहेका र राजनीतिलाई सेवाको तपस्याभन्दा- व्यवसायको बजार बनाउनेहरुका लागि यस्तो खबर दुःख हो।

-राजनीतिलाई केबल सामाजिक सञ्जालमा प्रतिक्रिया खपतको व्यवसाय बनाउनेहरुबाट पर गएर मात्र हामी बन्दै गरेको नेपाललाई देख्न सक्छौं।

-शीघ्र सार्वजनिक सेवा र सुशासनका क्षेत्रमा हामीले सुरु गरेको नागरिक एप त्यस्तै एउटा पहल हो- जसले सरकारी सेवालाई झन्झटरहित र पारदर्शी बनाएको छ । यसमा ५० भन्दाबढी सेवा आबद्ध छन्। नागरिक एप अहिले नेपालमा सबैभन्दा बढि डाउनलोड हुने नेपाली एपमा पहिलो नम्बरमा छ। हालसम्म ५७ लाख २६ हजार जनाले यसलाई डाउनलोड गरिसकेका छन्।

-जसरी केही वर्षअघि क्युआर स्क्यान गरी भुक्तानी थाल्दा हाम्रो भुक्तानी प्रणालीमा नै क्रान्ति आयो, सेवाग्राहीलाई डिजिटल माध्यमबाट भुक्तानीको सुविधा मिल्यो- त्यसैगरी अहिले नागरिक एपबाट क्युआर कोड स्क्यान गरी बैंक खाता खोल्ने र सरकारी सेवा प्राप्त गर्ने सुविधा मिल्दा यसबाट "लाइन होइन, अनलाइन सेवा" को लक्ष्य पूरा हुँदैछ, सरकारी कामलाई छिटो, छरितो र पारदर्शी बनाउँदैछ।

-नागरिक एपबाटै एक लाख ८० हजारभन्दा बढीले प्यान नम्बर लिएका छन् । राष्ट्रिय परिचयपत्र नागरिक एपमा जोड्ने निर्णय भएको दुई हप्तामा दुई लाख ५० हजारभन्दा बढीले यस एपमार्फत आफूलाई राष्ट्रिय परिचयपत्रमा जोडेका छन्।

-यस एपमार्फत हामीले सवारी लाइसेन्स लिन, सवारी नियम उल्लङ्घनको जरिवाना तिर्न भइरहेको झन्झट हटाएका छौं । सवारी लाइसेन्स नागरिक एपमा आबद्ध भएसँगै सवारी चालक अनुमतिपत्रको फिजिकल कार्ड नै नचाहिने बनाइएको छ। एक दिनमा ५५ हजार देखि ६० हजारसम्मले यससम्बन्धी छरितो सेवा लिइरहेका छन् । सवारी नियम उल्लङ्घन हुँदा ठाउँका ठाउँ अनलाइनबाट जरिवाना तिर्ने व्यवस्था गरिएकाले 'तिर्ने र लिने' दुवैथरी दङ्ग परेको 'रमाइलो' जानकारी सामाजिक सञ्जालमा हामी सबैले देखेकै छौं।

-हेर्दा सानो कुरा, देशको प्रमुख प्रशासकीय थलो सिंहदरबार छिर्न भित्रबाट अनुमति लिनुपर्ने र सिंहदरबार छिर्न लाइन बस्नुपर्ने झन्झट थियो । अहिले सिंहदरबार छिर्न कसैसँग अनुमति लिनु पर्दैन, सरकारी परिचयपत्रको क्युआर स्क्यान गरेर भित्र छिर्न पाइन्छ।

-मेरो विश्वास छ, सरकारी काममा नागरिक एपको प्रयोगलाई विस्तार गर्दै हामी केही समयभित्र सार्वजनिक सेवाका क्षेत्रमा क्रान्ति ल्याउन सक्नेछौं।

सरकारी कार्यालयमा कामका फाइलहरु अड्काउने, कामको समयावधि लम्ब्याउने र यसबाट सेवाग्राहीले दुःख पाउने स्थितिबाट मुक्त गर्न क्युआर कोडमार्फत फाइल 'मुभमेन्ट ट्र्याकिङ' गर्ने प्रणालीलाई अगाडि बढाएका छौं । सरकारी अफिसमा हुने कामको जानकारी मोबाइलबाटै पाउने व्यवस्था मिलाउँदैछौं । जहिल्यै काम भइरहेको हुने, तर कहिल्यै नसकिने हाम्रो विकास निर्माण र कानुन निर्माणको ढाँचामा यसरी ब्रेक लगाउदैछौं।

**सभामुख महोदय,**

राम्ररी सञ्चालनमा नआएका अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग बढाउन यो सरकारले ठोस कदम चालेको छ । भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय उडानको प्रबन्ध भएको छ । यही अवधिमा बङ्गलादेशमा ४० मेगाबाट विद्युत् निर्यातका लागि त्रिपक्षीय विद्युत् बिक्री सम्झौता भएको छ।

केही दिन अगाडि सामाजिक सञ्जाल एक्सको प्रयोगकर्ता एकजनाले लेख्नुभएको देखें- 'सामाजिक सुरक्षा कोष भन्ने चाहिँ गरिबहरुको बाँच्ने आधार रहेछ, पित्तथैलीको ढुङ्गा हटाउन रु १० हजार सात सय ७५ मा ओपिडी, विभिन्न किसिमका जाँच, अपरेसन, ओखती बेडसम्मै आइपुग्यो। अझ यो वर्ष नै एक लाख २५ हजारसम्मको सुविधा पाइँदोरैछ । जसले सुरुआत गऱ्यो, त्यसको जय होस्।'

यो पढेर म केहीबेर घोरिएँ । योगदानमा आधारित सामाजिक सुरक्षा कोषको सुरुआत गर्दा हामीले निकै ठूलो विरोध पनि झेलेका थियौं। नयाँ युगको सुरुआत भन्यो भन्दै सामाजिक सञ्जालमा ट्रोल गरिएको थियो । तर, अहिले करिब १९ लाख श्रमजीवी/पेशाकर्मी सामाजिक सुरक्षा कोषमा आबद्ध भइसकेका छन् । यसमा रोजगारीमा रहेका जोकोहीको पनि आबद्धता बढाउँदै लैजाने हाम्रो लक्ष्य छ।

सरकार सञ्चालनको एक सय दिनभित्रै १८ वर्षअघिदेखि थालनी भएको शान्ति प्रक्रियाका बाँकी कामलाई अन्तिम निष्कर्षमा पुऱ्याउन हामी सफल भएका छौं । त्यस सिलसिलामा 'सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिबाट स्वीकृत र प्रमाणीकरण भएको छ। र, आयोग पूर्णता पाउने क्रममा छ। मुलुकलाई हामी कुन दिशातिर डोऱ्याउन खोजिरहेका छौं भन्ने कुराका यी केही सामान्य सङ्केत मात्र हुन्। यस सम्मानित सदनमार्फत सिङ्गो देशलाई भन्न चाहन्छु, सबै मन्त्रालयअन्तर्गत अहिलेसम्म सुरु भएका सबै परियोजनालाई सम्पन्न गर्न सरकारले सम्पूर्ण शक्ति केन्द्रित गरेको छ। यो अवधिमा हामीले कुनकुन मन्त्रालय अन्तर्गत केके काम थालिएका छन् र ती थालिएका कामहरू कसरी समयमै सम्पन्न गर्ने भन्ने प्राथमिकता तोकेर योजना बनाएका छौं । र, त्यसैका आधारमा प्रधानमन्त्री र मन्त्रीहरूका बीच कार्यसम्पादन सम्झौता गरेका छौं।

**सभामुख महोदय,**

गएको छ महिनामा हाम्रो संसदीय राजनीतिमा दोहोऱ्याउनु नपरेको एउटा सुखद् पक्ष म यहाँ उल्लेख गर्न चाहन्छु- सत्ताको नाउँमा प्वाल पारेर फुत्त अर्कै डुङ्गा चलाउने र मुलुक एवं जनतालाई तिरस्कार गर्दै सत्तापत्ता खेलिरहने विद्रुप स्थितिमा अब बन्ध्याकरण भएको छ। संसद्समक्ष बारम्बार विश्वासको मत लिनुपर्ने तमासाबाट हामी मुक्त भएका छौं । आज म, जनता र संसद्को भरोसा र दृढताले भरिएको आत्मविश्वास लिएर यहाँ उपस्थित भएको छु। सरकारमा आएपछि हाम्रो दोस्रो प्राथमिकता थियो- नीतिगत सुधार । यसका लागि सुधारका ठोस कार्ययोजना तयगरी नीतिगत सुधारको प्रक्रियालाई तीव्रता दिइएको छ।

-संविधान तथा सङ्घीयताको प्रभावकारी कार्यान्वयन गर्ने,

-संविधानमा सामयिक संशोधन गर्ने,

-सरकारले आवश्यक ठानेर प्रस्तुत गरेका विधेयक वर्षौंसम्म संसद्मा विचाराधीन रहन दिने होइन, प्राथमिकताका आधारमा पारित गर्ने या त त्यसलाई फिर्ता लिने,

-अनावश्यक कानुन खारेज गर्ने, व्यवहारमा अमिल्दा नीति तथा कानुनमा संशोधन तथा परिमार्जन गर्ने र तत्काल ल्याउनुपर्ने नयाँ कानुन तर्जुमा गरी विद्यमान कानुनी व्यवस्थामा सुधार गर्ने,

-सुशासन र जवाफदेहीता कायम गर्न प्रत्येक मन्त्रालयमा 'सुधार-एकाइ' रहनेगरी प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शासकीय सुधार केन्द्र स्थापना गर्ने,

-आर्थिक सुधार तथा सार्वजनिक खर्च व्यवस्थापनमा सुधार गर्ने,

-मन्त्रालयगत प्राथमिकताका आधारमा सुधारका कामलाई तीव्रता दिने

प्राथमिकताका यिनै बुँदाका आधारमा सुशासन र शासकीय सुधारका लागि सरकारले प्रधानमन्त्रीको नेतृत्वमा उच्चस्तरीय शासकीय सुधार आयोग र मुख्य सचिवको संयोजनमा शासकीय सुधार कार्यान्वयन समितिको अवधारणा अघि बढाएको छ। आर्थिक सुधार सुझाव आयोग कार्यरत छ।

तत्काल आर्थिक तथा व्यावसायिक वातावरण सुधारगरी लगानी अभिवृद्धि गर्न ११, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवासम्बन्धी १२, भूमि तथा वनसम्बन्धी ३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, निजीकरण ऐन र सहकारी ऐनगरी २९ वटा ऐनमा अध्यादेशमार्फत संशोधन गरिएका छन्।

अध्यादेशमार्फत एकैपटक यी कानुन संशोधन गरिएपछि, मिडियाकै शब्द सापटी लिएर भन्छु- सुशासन र व्यावसायिक वातावरण निर्माणमा 'देशले अभूतपूर्व सुधारको थालनी' गरेको छ। यसबाट अब,

-सरकारी कार्यालयमा फाइल घुमाएर सेवाग्राहीका काम अड्काउने प्रवृत्ति रोकिनेछ । कानुनमा तोकिएको अवधिबाहेकका सबै काम सात दिनभित्र सक्नैपर्ने कानुनी व्यवस्था गरिएको छ।

-नेपाली सूचना प्रविधिमा आधारित कम्पनीलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने वातावरण बनाइएको छ। अब हाम्रा नेपाली कम्पनीहरुलाई विदेशमा सहायक कम्पनी तथा शाखा खोल्न, कारोबार गर्न र विदेशमा भएको आम्दनी नेपाल भित्र्याउनसक्ने वातावरण बनाइएको छ।

-उपभोक्ताहित संरक्षणसम्बन्धी आपसमा बाझिएका कानुनमध्ये अप्रासांगिक कानुन खारेज गरिएको छ । प्रतिस्पर्धाका माध्यमबाट वस्तुको मूल्य निर्धारण हुने व्यवस्थागरी एकातिर उद्यमी व्यवसायीलाई अनावश्यक तर्साउने अवस्था हटाइएको र अर्कातिर उपभोक्ता हित संरक्षणलाई अझै मजबुत बनाइएको छ।

-उद्योग दर्ताका लागि निवेदन दिएको १५ दिनभित्र सरकारी अधिकारीले निर्णय दिनुपर्ने र यो अवधिमा निर्णय नदिए स्वतः उद्योग सञ्चालनको मान्यता दिने व्यवस्था गरिएको छ।

-उद्यमीले कम्पनी खोल्न पाउने तर टाट फर्किंदासमेत बन्द गर्न अनावश्यक 'झन्झट'मा फस्नुपर्ने अवस्था सदाका लागि अन्त्य गरिएको छ।

-सहकारी ठगीसम्बन्धी संसदीय समितिको प्रतिवेदनले औंल्याएअनुरुप बचतकर्ताको बचत सुरक्षा गर्न तत्काल आवश्यक राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्नेलगायत तत्काल गर्नपर्ने कामका लागि विद्यमान सहकारी ऐनमा संशोधन गरिएको छ।

-अध्यादेशबाट प्राप्त हुने उपलब्धिको सूची लामो छ। यसका विशेषताकाबारेमा व्यापक सामाजिक बहस भइसकेको छ । यसप्रति माननीयज्यूहरु जानकार नै हुनुहुन्छ।

**सभामुख महोदय,**

संसद्को गएको अधिवेशनपछि आजका दिनमा आइपुग्दा २९ कानुन संशोधन गर्नेगरी अध्यादेश ल्याइयो। सरकारले अहिले नै किन अध्यादेश ल्याउनुपऱ्यो ? यसबारे थोरै चर्चा गर्ने अनुमति चाहन्छु।

हामीले लामै समयदेखि सार्वजनिक वृत्तमा सुन्दै आएका छौं- ढिलो भयो, अपेक्षाअनुरुप अवस्थामा परिवर्तन भएन । प्रश्न हामी सबैकामाझ छन्ः

-त्यही अवस्थामा परिवर्तन गर्न सार्वजनिक सेवाका क्षेत्रमा केके सुधार गर्नुपर्छ ?

-व्यावसायिक क्षेत्रको मनोबल बढाएर उत्पादनमा वृद्धि गर्न कहाँकहाँ अवरोध छ ?

-जनताले कहाँकहाँ कुनकुन कानुनको अल्झनले दुःख पाइरहेका छन् ?

ती 'अल्झन र गाँठा' तत्काल फुकाउन कानुनी सुधार नै पहिलो पाइला थियो । नियमित प्रक्रियाबाट एउटा कानुन पारितगरी लागू गर्न न्यूनतम पाँच/छ महिना लाग्नेमा हामी सबै जानकार नै छौं।

एकातिर प्रक्रिया- अर्कोतिर नतिजा।

सुधारको जुन हुटहुटीले संसद्का दुई ठूला दलहरुको नेतृत्वमा यो सरकार निर्माण भयो, त्यसले 'संसद्को अधिवेशन आउँदैछ- पर्खनुस्' भन्ने समय हामीसँग थिएन। संसद् नभएका बेला, संसद्को नियमित प्रक्रियाबाट राष्ट्रिय अपेक्षा प्राप्तिमा ढिला हुने अवस्था- यस्तै बेलामा त हो सरकारले अध्यादेश जारी गर्ने।

हामी सबैले एउटा कुरा स्वीकार गर्न अप्ठेरो मान्नु हुँदैन- कतिपय समयमा 'राजनीतिक लाभ-हानी'को लेखाजोखा गरी संसद्लाई प्रक्रियाको बन्दी बनाइन्छ र जनताका दैनन्दिनका समस्या ओझेल पर्छन्। हामीले यसपटक त्यसो हुन नदिउँ भन्ने ठान्यौं । अध्यादेशका सन्दर्भमा धेरै माननीयहरुले 'कन्टेट होइन, प्रोसस'मा प्रश्न गर्नुभएको मैले सुनेको छु । केही साथीहरुले सोध्नुभएको छ- संसद्लाई छलेर किन अध्यादेश ल्याएको ? त्यस्तो प्रश्न सोध्ने साथीहरुलाई पनि थाहा छ- अध्यादेश ल्याउने भनेको संसद् नचलेकै बेलामा हो। संविधानले नै संसद् नचलेका बेला मात्रै अध्यादेश ल्याउने व्यवस्था गरेको छ, हैन र ?

**सम्मानलीय सभामुखज्यू,**

हामी संसद्मा पो पक्ष/प्रतिपक्ष हौं त । देश विकास, सुशासन र नागरिकको जीवनस्तर उकास्ने कुरामा पनि पक्षविपक्ष हुन्छ र ? बैंकमा लगानीयोग्य पैसा छ, तर कोही व्यावसायी ऋण लिएर किन लगानी गरिरहेको छैनन् ? विदेशबाट रेर्कड ब्रेक रेमिट्यान्स भित्रिँदा पनि किन बजारमा मागमा कमी आइरहेको छ ? घरजग्गा व्यवसाय किन सुस्तायो ? यो अवस्थालाई सरकारले सावधानीपूर्वक नियालिरहेको थियो।

यो 'अवस्था परिवर्तन' गर्न हामीले कम्मर कस्यौं- निजी क्षेत्रको मनोबल उकास्न, देशमा लगानी र व्यावसायिक वातावरण बनाउन, सुशासन र नागरिकको जीवनमा प्रभाव पार्ने वर्षौंदेखि गर्न नसकिएको कानुन सुधारको काम यसपटक अध्यादेशमार्फत एकैपटक फत्ते गर्‍यौ । यसप्रति म थोरै पनि नहिच्किचाइ भन्न चाहन्छु- यो जनताको सरकारले जनताका लागि गरेको काम हो । एउटा कुरा विनम्रताका साथ राख्न चाहन्छु, अध्यादेशको होस् वा विधेयकको विषय-वस्तु, त्यसमाथि हुने हाम्रा बहसलाई इस्यु आधारित बनाऔं, गुण-दोषका आधारमा हुने-नहुनेतिर केन्द्रित गरौं, सार्वजनिक खपतको प्रचारबाजीमा सीमित नराखौं।

अब अध्यादेश संसदको सम्पत्ति भएको छ । आजका मितिबाट हामीसँग ६० दिन छ- यसलाई अस्वीकार गर्ने वा जस्ताको तस्तै पारित गर्ने। या भनौं त्यसमाथि पनि थपघट गर्नेगरी प्रतिस्थापन विधेयक पारित गर्ने- के गर्ने ? यो सम्मानित सदनको जिम्मा भयो।

**सभामुख महोदय,**

मैले बताइरहनु पर्दैन, हामीले सरकारको जिम्मा लिइरहँदा देशको स्थिति जर्जर थियो । मैले त्यतिबेला यही संसद्को रोष्ट्रममा उभिएर भनेको पनि थिएँ- २०४६ सालपछिको पुस्ताले यति चरम निराशा सायद पहिलो पटक अनुभव गऱ्यो। देशप्रति आमजनताको भरोसा टुटेको थियो। तिनको मनोबल नराम्ररी गिरेको थियो । विकास निर्माणका काम चौपट थिए। अर्थतन्त्र अत्यन्तै सकसपूर्ण अवस्थामा थियो।

त्यो विकाराल अवस्थाबाट मुलुकलाई जोगाउन हामी दुई ठूला दल नेपाली कांग्रेस र नेकपा (एमाले)को अगुवाइमा अन्य दलहरु सम्मिलित यो सरकारको निर्माण भयो।

मेरो नेतृत्वमा सरकार बनेको छ महिना नाघ्यो।

मैले नयाँ प्रधानमन्त्रीका रूपमा शपथ लिएलगत्तै एकपछि अर्को दुर्घटना र प्राकृतिक विपत्तिले हामीलाई विथोल्यो।

गएको असोज १० देखि १३ गते अकल्पनीय बाढीपहिरोको चपेटामा मुलुक पऱ्यो। जसका कारण देशभर सात हजार एक सय ३५ वटा विभिन्न प्रकारका विपद्जन्य दुर्घटनाहरु भए। प्राकृतिक विपत्तिले जनधनको ठूलो क्षति गऱ्यो। कृषिबाली, पशुचौपाया एवं सडक, पुल, खानेपानी, सञ्चार, विद्यालय, विद्युत्लगायत भौतिक संरचनामा ठूलो नोक्सानी पुग्यो । तर, सरकारले ती चुनौतीपूर्ण परिस्थितिहरूलाई कूशलतापूर्वक सम्हाल्यो । परिणामस्वरूप त्यत्रो क्षतिका बाबजुद पनि यस वर्ष दसैंका अवसरमा काठमाडौं छाडेर दसैंमा घर फर्कनेको स¿्या अघिल्लो वर्षजस्तै करिब आठ लाख पुग्यो।

मलाई लाग्छ, यो अवधिमा सरकारको काम गर्ने तरिकाले देशमा व्याप्त गहिरो निराशालाई चिर्न, जनतामा आशा र उत्साह सञ्चार गर्न, अनि देशलाई तीव्र आर्थिक वृद्धिको दिशामा लैजान हामी धेरै हदसम्म सफल भएका छौं । यद्यपि हामीले गर्न बाँकी काम धेरै छन्।

सभामुख महोदय,

आँकडामा बोल्नुपर्दा हामी सरकारमा आउनुअघि र पछिका अर्थतन्त्रका केही परिसूचकको तुलनात्मक जानकारी राख्ने अनुमति चाहन्छुः

-चालु आर्थिक वर्षको छ महिनाको पुँजीगत खर्च १५ प्रतिशतले वृद्धि भएको छ । गएको आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलन १३ प्रतिशतले बढी छ।

-नेपाल सरकारको कूल खर्च गत वर्षको यसै अवधिको तुलनामा १७ दशमलव ८ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यही अवधिमा अघिल्लो वर्षको तुलनामा यस्तो वृद्धिदर १ दशमलव ७ प्रतिशतमात्र थियो।

-चालु आर्थिक वर्षको तुलनामा ७ दशमलव १ प्रतिशतले आयात वृद्धि भएको छ।

-चालु आर्थिक वर्षको छ महिनामा वस्तु निर्यात ३१ दशमलव ८ प्रतिशतले बढेको छ। गएको वर्ष यसै अवधिमा ७.१ प्रतिशत मात्र वृद्धि थियो।

-चालु आर्थिक वर्षको छ महिनाामा गएको वर्षभन्दा करिब ३५ अर्ब रुपैयाँ कर्जा बढी प्रवाह भएको छ।

-चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा नेप्से परिसूचक २५९४ रहेको छ। गत वर्षको यसै अवधिमा २१२० रहेको थियो।

-चालु आर्थिक वर्षको पाँच महिनामा शोधनान्तर स्थिति बचत दुई खर्ब, २५ अर्ब, ३४ करोड रहेको छ। गत वर्षको यसै अवधिमा दुई खर्ब, १६ अर्ब, पाँच करोड रहेको थियो।

-चालु आर्थिक वर्षको पाँच महिनामा विदेशी विनिमय सञ्चिति १६ अर्ब, ७६ करोड अमेरिकी डलर रहेको छ। गत वर्षको यसै अवधिमा १३ अर्ब ३१ करोड अमेरिकी डलर रहेको थियो।

-अघिल्लो वर्षको तुलनामा पाँच महिनाको कर्जा वृद्धि ४६ अर्बले बढी छ।

सभामुख महोदय,

छ महिनाअघिजस्तो अहिले अर्थतन्त्रमा भयावह स्थिति छैन। अर्थतन्त्रका परिसूचकहरु राम्रा छन्। पहिलेका 'नराम्रा' परिसूचकहरु सुधारोन्मुख छन् । अर्थतन्त्रलाई कसरी चलायमान बनाउन सकिन्छ र माग बढाउन सकिन्छ भनेर सरकार लागिपरेको छ।

अर्थतन्त्रमा नगद प्रवाह गर्न सरकार बन्नेबित्तिकै लामो समयदेखि भुक्तानी नदिने सरकारी रबैयालाई परिवर्तन गऱ्यौं।

निर्माण व्यवसायीको कानुनसम्मत रुपमा सिर्जना भएको, तर भुक्तानी नभएको विगत आर्थिक वर्षदेखिको रु ३० अर्बको दायित्व फरफारक गरेका छौं । धेरै समयदेखि ३५ जिल्लाका १५ लाखभन्दा बढी दुग्ध किसानलाई सरकार बनेको एक सय दिनभित्रै भुक्तानी दिएका छौं। त्यसैगरी, करिब ७५ हजार उखु किसानहरू, जसले वर्षौंदेखि आफ्नो पसिनाको मूल्य पाउन सकेका थिएनन्, उनीहरूले पनि आफ्नो अनुदानबापतको भुक्तानी पाइसकेका छन्। कृषिबाली तथा पशुधन बिमामा समावेश भएका हजारौं कृषकहरूको बिमाबापतको भुक्तानी गर्न रु ८० करोड बिमा प्राधिकरणको खातामा पठाइएको छ।

अर्थतन्त्रलाई लयमा ल्याउन सरकारले जेजे गर्न सकिन्छ, ती सबै उपायहरु अवलम्बन गरेको छ। निजी क्षेत्रकै मागबमोजिम अर्थतन्त्र सुदृढीकरणका लागि आर्थिक सुझाव आयोगजस्ता महत्वपूर्ण आयोगहरूको गठन गरिएको छ । तिनले दिएका सुझावहरु कार्यान्वयन गर्ने चरणमा सरकार पुगेको छ।

अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्याङ्कन (क्रेडिट रेटिङ) को कार्य सम्पन्न भएको छ।

नेपालले पाएको रेटिङ-डबल बी माइनस, दक्षिण एसियामा भारतपछिकै उच्च हो।

विदेशी मुद्रा सञ्चिति उच्च हुनु, आर्थिक वृद्धिमा सुधार हुँदै जानु र देशले राजनीतिक स्थिरता पाउनुले यो उपलब्धि हासिल गर्न सकिएको हो।


## Vacancy Announcement

Forum for Protection of Public Interest (Pro Public), a non-profit, non-governmental organization, is currently seeking an experienced, self-motivated, and qualified candidate to fill the following position.

**Position :** Project Coordinator (Partial)

**Duration:** February 2025 to August 2026 (with possible extension)

**Location:** Madhesh Province (project location – Nagarain of Dhanusha district & Siraha and Nawarajpur in Siraha district)

**Education/Professional Qualifications and Skills:**

- At least Bachelors' degree in gender studies, sociology, social work, rural development or relevant field;
- Preference will be given to applicants with at least two years of work experience preferably in implementing projects related to social accountability, gender equality and social inclusion including skills on planning, facilitation, coordination and team building;
- Ability to work with diverse project team, local partners and local governments.
- Ability to work in a structured and self-sufficient way while understanding and adapting to project for the successful implementation.
- Good communication skills in English and Nepali (both verbal and written).

Qualified and interested Nepali citizens are requested to send a complete application including CV, two referees, auto size photograph, possible starting date, academic and professional certificates to the email address propublic.vacancy2024@gmail.com by no later than February 6, 2025 at 5 pm. Women, Dalit, Janajati candidates are strongly encouraged to apply. Only shortlisted candidates will be contacted for a written test and interview. Telephone enquiries will not be entertained.

**The Executive Director**

**Forum for Protection of Public Interest (PRO Public)**

Post Box No. 14307

Anamnagar, Kathmandu, Nepal

Email: propublic.vacancy2024@gmail.com



## श्री जनता राष्ट्रिय माध्यमिक विद्यालय धमौरा

**बलवा न.पा.–१०, महोत्तरी, मधेश प्रदेश (नेपाल)**

## खुल्ला विज्ञापन सम्बन्धी सूचना

यस विद्यालयका शिक्षक छनौट समितिको मिति २०८१।१०।०९ गतेको निर्णयानुसार यस विद्यालयमा प्राविधिकधार सिभिल तर्फ प्रशिक्षक पदमा करारमा नियुक्ति गर्नका लागि नियमानुसार खुल्ला प्रतियोगिताबाट छनौट गरिने हुँदा दरखास्त आह्वान गरिएको छ।

**(विज्ञापन प्रकाशन मिति २०८१।१०।१० गते देखि फाराम भर्ने अन्तिम मिति २०८१।११।०९ गते सम्म)**

तपसिल

| सि. नं. | विज्ञापन नं. | पद | पद संख्या | तह/श्रेणी | परीक्षाको किसिम | विषय | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ०२-२०८१/०८२ | प्रशिक्षक (इन्जिनियर) | १ (एक) | म.शि.तृतिय श्रेणी सरह | लिखित, अर्न्तवार्ता, प्रयोगात्मक | सिभिल | २५००।- |

**विज्ञापन नं. ०२–२०८१/०८२ का लागि आवश्यक शर्तहरु :–**

(क) **शैक्षिक योग्यता :–** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक (भभ . द्यबअजभयिच या ऋष्खर्ष भ्लनष्लभभचष्लन) उर्तिण गरेको हुनुपर्नेछ।

(ख) **उमेर :–** २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

(ग) **नागरिकता :–** नेपाली

**दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :–**

(१) विद्यालयले तोकेको दरखास्त फाराम :- १ (एक) थान

(२) पासपोर्ट साइजको फोटो :- २ (दुई) प्रति

(३) एस.एल.सि./एस.ई.ई. देखि माथिल्लो योग्यताको सम्पूर्ण प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी।

(४) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।

(५) आवेदन फाराम दस्तुर रु. २००।- (दुई सय) मात्र

(६) परीक्षा दस्तुर रा.बा.बैंक जलेश्वरको च.हि.नं. १२७०१००००२४०००१ खातामा रकम तिरेको भाउचर सक्कल प्रति १ थान। दोश्रो प्रति

(७) नियूक्तिको किसिमः- करारमा।

(८) विदेशी विश्व विद्यालयवाट अध्ययन गरेको उम्मेदवारले आ आफ्नो शैक्षिक प्रमाण पत्रको समकक्षता नेपाल सरकारको मान्याता प्राप्त संस्थाबाट लिएको हुनु पर्ने छ।

(९) पेश गरेको सम्पूर्ण कागजातहरुमा उम्मेदवारले स्वंयम प्रमाणित गरेको हुनु पर्ने छ।

**पूनश्चः-**

(क) म्याद नाघि आएको दरखास्त फारम दर्ता गरिने छैन।

(ख) दोब्बर दस्तुरको व्यवस्था छैन।

(ग) परीक्षा केन्द्र पछि तोकिनेछ।

(घ) सम्पर्क मिति २०८१/११/१२ गते र परीक्षा मिति सोहि दिन तोकिने छ।

(ङ) आवश्यक देखिएमा शिक्षक छनौट समितिको निर्णय बमोजिम विज्ञापनको म्याद थपगर्न सकिनेछ।

(च) परीक्षाको दिन प्रवेशपत्र अनिवार्य लिएर उपस्थित हुनुपर्नेछ।

(छ) तलबभत्ता आफ्नो पदमा बहाल गरेको मिति देखि नेपाल सरकारले तोकिदिए बमोजिम।

(ज) विद्यालय खुलेको दिन फारम बुझ्ने बुझाउने समय विहान ७:३० बजे देखि ११:३० बजे सम्म विद्यालयमा

(झ) माथिल्लो तहको योग्यता र कार्य अनुभवलाई विशेष ग्राहियता दिइने छ।

(ञ) आवश्यक परेमा लिखित मौखिक वाहेक प्रयोगात्मक परीक्षा पनि लिन सकिने छ।

(ट) उच्च कक्षा सम्म अध्यापन गरेको अनुभवलाई ग्राहयता दिईने छ।

(ठ) ईन्जिनियरिङ्ग कौन्सिलबाट मान्याता प्राप्त गरेको हुनु पर्नेछ।

**नोटः–** विज्ञापन सम्बन्धि जानकारीको लागि (प्र.अ) मो. ९८१५८८६८१४ र वि. प्रशासन ९८१६८९४६१४ मा सम्पर्क गर्न सकिने छ।

**प्रधानाध्यापक**

# उपसभापति वाग्लेद्वारा संसदीय छानबिन समिति गठन गर्न माग



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति एवं सांसद् डा स्वर्णिम वाग्लेले हालसम्म भएका सबै भ्रष्टाचार तथा अनियमितताका सम्बन्धमा संसदीय छानबिन समिति गठनको माग गर्नुभएको छ। प्रतिनिधिसभाको शुक्रबारको बैठकमा उपसभापति डा वाग्लेले सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय न्यायिक आयोग गठन गर्नुपर्नेमा जोड दिनुभयो।

"जाँचबुझ आयोग ऐनको प्रावधानमा रहेर पूर्वप्रधानन्यायाधिश वा न्यायाधिशको अध्यक्षतामा न्यायिक आयोग गठन गनुपर्ने अब रास्वपाको चिरस्थायी माग हुनेछ", उहाँले भन्नुभयो। रास्वपा सभापति रवि लामिछानेलाई सरकारले दुःख दिइरहेको उहाँले आरोप लगाउनुभयो।

सभापति लामिछानेको निलम्बन फुकुवाका लागि सभामुख देवराज घिमिरेसमक्ष आग्रह गरेको उल्लेख गर्दै उपसभापति डा वाग्लेले न्यायालयले उचित निर्णय गर्नेमा आशावादी रहेको बताउनुभयो। नागरिकका कुरा राख्ने, कानुन बनाउने र सरकारलाई उत्तरदायी बनाउने थलो संसद् रहेको उल्लेख गर्दै उहाँले संसदको प्रभावकारिता बढाउनुपर्नेमा जोड दिनुभयो।

अर्थ समितिमा छलफलका क्रममा रहेको आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व विधेयकलाई सरकारले अध्यादेशमार्फत् ल्याउँदा कानुनको उल्लङ्घन भएको उहाँको भनाइ थियो।

सरकारले पूर्व अर्थसचिव रामेश्वर खनालको नेतृत्वमा गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनअनुसारसुधारकाप्याकेज ल्याउन नसकेको उपसभापति डा वाग्लेले बताउनुभयो।

सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयक फिर्ता लिएर संशोधन गरी पुनः पेश गर्न उहाँले सुझाव दिनुभयो।रासस

# सञ्चार मन्त्रालयले दोस्रो सय दिनमा गरेका काम सार्वजनिक

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले वर्तमान सरकार गठन भएको दोस्रो सय दिनमा शत्प्रतिशत कार्यसम्पादन गरेको जनाएको छ । शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी कार्यसम्पादन विवरण सार्वजनिक गर्दै मन्त्रालयका सचिव राधिका अर्याललले मन्त्रालयले सय दिनभित्र सरकारकाले तोकिएका शत्प्रतिशत कार्यसम्पन्न गरिएको बताउनुभयो।




उहाँले माघ १७ गतेसम्म भएका कार्यविवरण प्रस्तुत गर्दै दूरसञ्चार सेवाको 'नेटवर्क कभरेज ग्याप एसेस्मेन्ट' प्रतिवेदन, डाटा सेन्टरको मापदण्ड तयार भएको, ७५३ स्थानीय तहमा हुलाक कार्यालय सञ्चालनमा आएका बताउनुभयो । जसमा ६७६ हुलाक कार्यालय, छवटा हुलाक निर्देशनालय, एक गोश्वारा हुलाक कार्यालय, ७० जिल्ला हुलाक कार्यालय रहेको र ८० हुलाक काउन्टरसमेत स्थापना भई सञ्चालनमा रहेको त्यस अवसरमा जानकारी दिइयो।

यस्तै, कागजरहित सरकारको अवधारणा कार्यान्वयन गर्न एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएस) सञ्चालनका लागि थप सात वटा निकायमा तालिम सञ्चालन गर्ने भनिएकामा १० वटा निकायमा तालिम सञ्चालन गरिएको, २० प्रणालीको सुरक्षा 'अडिट' सम्पन्न भएको र चालु आर्थिक वर्षमा ३० वटा प्रणाली थप गरी ९३ वटा प्रणालीको सुरक्षा 'अडिट' सम्पन्न भइसकेको छ।

सचिव अर्याललले 'फिक्स्ड ब्रोडब्यान्ड' सेवाको पहुँच शून्य दशमलव ३६ प्रतिशतले विस्तार भएको र यसबाट थप एक लाख ५१ हजार २५ जना लाभान्वित भएको बताउनुभयो । चालु आवमा 'फिक्स्ड ब्रोडब्यान्ड' सेवा एक दशमलव ७२ प्रतिशत पुगेको छ। यसरी एक दशमलव ७२ प्रतिशत वृद्धि हुँदा थप पाँच लाख १७ हजार ६३ जना लाभान्वित भई हालसम्म १३ लाख ४२ हजार ५३२ जनाले सेवा प्राप्त गरेको सचिव अर्याललले जानकारी दिनुभयो।

यस्तै, मोबाइल सेवाको पहुँच विस्तार भई हालसम्म दुई लाख ३७ हजार ४३६ जना लाभान्वित भएको मन्त्रालयले जनाएको छ । चालु आवमा मोबाइल सेवामा थप १६ लाख ६५ हजार ७० को पहुँचमा भई हालसम्म दुई करोड ९९ लाख ५४ हजार ७११ जनाले सेवा प्राप्त गरेका छन्।

प्राप्त जानकारीअनुसार फोरजी (एलटिई) सेवाको पहुँच विस्तारमा दोस्रो सय दिनभित्र १७ लाख ४९ हजार ३७४ जना लाभान्वित भएका छन्भने पहिलो सय दिनमा समेत गरी हालसम्म दुई करोड ५० लाख ७५ हजार ४१९ जनाले सेवा प्राप्त गरेका छन् । गोरखापत्रका पुराना प्रकाशनको थप ८ वर्षको 'डिजिटलाइजेसन'को कार्यसम्पन्न भएको छ । यस अवधिमा थप १६ वर्षको डिजिटलाइजेसन कार्यसम्पन्न भई हालसम्म कुल ८४ वर्षको डिजिटल रूपान्तरण गरिएको छ।

रेडियो नेपालका थप एक हजार वटा पुराना 'अडियो टेप'को डिजिटल रूपान्तगरण गर्ने भनिएकामा मन्त्रालयले थप एक हजार ४५३ वटा पुराना अडियो टेपको डिजिटल रूपान्तरण गरिएको छ। यस अवधिभर दुई हजार ८८६ वटा थप गरी हालसम्म ५४ हजार ३८६ पुराना अडियो टेपको डिजिटल रूपान्तरण गरिएको छ।

रेडियोको राष्ट्रिय पहुँच थप एक प्रतिशतले वृद्धि भई हालसम्म ९४ प्रतिशतमा पहुँच विस्तार भएको छ भने टेलिभिजन पहुँच ७२ प्रतिशत पुगेको छ। रेडियो नेपालबाट प्रसारण हुने समावेशी कार्यक्रम दनुवार भाषा थप गरी हालसम्म २५ वटा भाषा पुगेको छ।

गोरखापत्र दैनिकमा बाम्बुले राई भाषा थप गरी समावेशी कार्यक्रम (नयाँ नेपाल) प्रकाशन गरिएको छ । यस आवमा गोरखापत्र दैनिकमा रानाथारू र बाम्बुले राई भाषा थप गरी ४५ भाषामा समाचार प्रकाशन गरिएको छ । यस्तै, मन्त्रालयले मोबाइल नेटर्वक विस्तारमा समेत जोड दिँदै आएको सचिव अर्याललले बताउनुभयो । जसअन्तर्गत दोस्रो सय दिनभित्र थप शून्य दशमलव ८१ प्रतिशतले मोबाइल सेवा विस्तार भएको छ।

एफटिटिएच सेवा ७७ वटै जिल्लामा पुगेको छ । फोरजी/एलटिई सेवा पाँच दशमलव ९९ प्रतिशतले विस्तार भई हालसम्म ८५ दशमलव ९८ प्रतिशत जनसङ्ख्यामा पुगेको, नागरिक एपमा आबद्ध सरकारी सेवा ६४ पुगेको, जिआइओएसएम लागू भएका थप १० वटा सरकारी कार्यालयमा तालिम सञ्चालन गरिएको र हालसम्म ९५ वटा निकायमा तालिम सञ्चालन गरिएको छ।

यस्तै, २४ कोरमाथिको थप २७८ किमी अप्टिकल फाइबर विस्तार भई हालसम्म १७ हजार १५० किमी पुगेको छ । दोस्रो सय दिनमा 'फिक्स्ड ब्रोडब्यान्ड' सेवा विस्तार शून्य दशमलव ३६ प्रतिशतले भई हालसम्म ४४ दशमलव ७२ प्रतिशतले विस्तार भएको छ। मन्त्रालयले साइबर सुरक्षा सूचकाङ्क ६९ दशमलव ७६ प्रतिशत रहेको जनाएको छ।

**यस्ता छन् यस अवधिमा भएका काम**

सञ्चार सचिव राधिका अर्याललले पत्रकार सम्मेलनमा यस अवधिमा मन्त्रालयले गरेका नीतिगत र संस्थागत कार्यको विवरण प्रस्तुत गर्नुभएको छ । एनसेलको अनुमति (२०८१/०५/१५ देखि २०८६/०५/१४) पत्र ५ वर्षका लागि नवीकरण गरिएको, विद्यमान कानुनमा अनुमतिपत्रको बहाल अवधि २५ वर्ष पूरा गरेका सेवा प्रदायकहरूको अनुमतिपत्र नवीकरणका लागि दूरसञ्चार नियमावलीमा संशोधन गरी इन्टरनेट सेवा प्रदायक (आइएसपी) हरूको अनुमतिपत्र नवीकरण गर्न सुरु गरिएको, इन्टरनेट सेवा प्रदायक र दूरसञ्चार सेवा प्रदायक कम्पनीको बक्यौता असुल गरिएको, वर्ल्ड लिङ्कबाट रु एक अर्ब ३८ करोड ९० लाख १२ हजार २२५ र पैसा ५४, सुविसु केबलनेटबाट रु १७ करोड ४८ लाख ५१ हजार ६१५ पैसा र भायनेट कम्युनिकेसन लिबाट रु २६ करोड ६८ लाख ७६ हजार ५०९ पैसा ३६ गरी रोयल्टी प्राप्त भएको छ।

दुई हजार १०० मेगाहर्ज फ्रिक्वेन्सी प्रयोगबापत नेपाल टेलिकमबाट रु ३५ करोड २६ हजार २२९ र एनसेलबाट रु ३६ करोड १५ लाख १६ हजार ६४६ प्राप्त भएको, टिकटकमा लगाइएको प्रतिबन्ध सर्तसहित फुकुवा गरी सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० बमोजिम टिकटक प्लेटफर्मलाई सूचीकरण, मेटालगायत अन्य सामाजिक सञ्जाललाई समेत दर्ता गर्ने काम भइरहेको, नेपाल टेलिकमको प्रबन्ध निर्देशक, चलचित्र विकास बोर्डको कार्यकारी अध्यक्ष तथा सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक नियुक्त गरी कार्य विवरणसहित जिम्मेवारी दिइएको, हुलाक सेवा विभागको पुर्नसंरचना कार्यसम्पन्न गरिएको, ७५३ स्थानीय तहमा हुलाक कार्यालय सञ्चालनमा आएको जनाइएको छ।

सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ जारी भई सो ऐनको प्रावधानबमोजिम रेडियो नेपाल र नेपाल टेलिभिजन एकीकरण गरी सार्वजनिक सेवा प्रसारण संस्थानमा रूपान्तरण गरिएको, यस संस्थाको अध्यक्ष तथा सञ्चालक समितिका सदस्यहरू नियुक्त भई सोही अनुरुप काम सुरु भइरहेको छ।

मुद्रण विभागबाट नेपाल टेलिकमका लागि रिचार्ज कार्डको छपाइ सुरु गरिएको छ । सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसद् सचिवालयमा दर्ता गरिएको, चलचित्रसम्बन्धी ऐन सङ्घीय संसद्मा दर्ता गर्ने स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस भएको, सार्वजनिक सेवा प्रसारण नियमावली तथा सुरक्षण मुद्रण नियमावली तर्जुमा भई स्वीकृतिको चरणमा रहेको, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्ययादेश, २०८१ ले सूचना प्रविधि उद्योगको वर्गीकरणमा परेका उद्योगले विदेशमा लगानी गर्न पाउने व्यवस्था गरेको, विशेष आर्थिक क्षेत्रमा सूचना प्रविधिलगायत सेवामूलक उद्योगहरु सञ्चालन गर्न पाउने नयाँ व्यवस्था गरिएको, काजगरहित सरकारको अवधारणाबमोजिमयसमन्त्रालयरअन्तर्गत निकायहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएससी) लागू भई हाल सङ्घ, प्रदेश तथा स्थानीय तहका निकायमा समेत लागू हुने क्रममा रहेको, यसका लागि आवश्यक तालिमलगायत कामहरु भइरहेको, विभिन्न सरकारी निकायहरुबाट प्रवाह हुने सेवाहरुलाई एकीकृत रुपमा नागरिक एपमार्फत उपलब्ध गराउन त्यस्ता निकायहरुको प्रणालीहरूलाई नागरिक एपमा आबद्ध गरिएको छ।

राष्ट्रिय साइबर सुरक्षा केन्द्रको स्थापना गरी सरकारी निकायहरुको सूचना प्रविधि प्रणालीमा हुनसक्ने सम्भावित साइबर हमला न्यूनीकरण गर्न संयन्त्र निर्माण गरिएको, सरकारी निकायले प्रयोगमा ल्याएका सूचना प्रविधि प्रणालीको सेक्युरिटी अडिटमार्फत थप सुरक्षित गर्न सुरक्षा प्रावधानका सम्बन्धमा सिफारिस गरिएको छ।

नेपालमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआइ) को प्रयोग एवं अभ्याससम्बन्धी नीति तर्जुमा भई स्वीकृतिको अन्तिम चरणमा रहेको, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति तथा हुलाक सेवासम्बन्धी पुराना ऐनहरूलाई विस्थापित गरी नयाँ ऐन तुर्जमा गर्ने कार्यहरू भइरहेको त्यस अवसरमा जानकारी दिइयो। रासस

# उपभोक्ता हितसँग जोडिएका कुरामा सरकार कमजोर देखिएको छ : डा भुसाल

काठमाण्डु । राष्ट्रियसभाका सदस्य डा वेदुराम भुसालले उपभोक्ताहितसँग जोडिएका कुराहरुमा सरकार कमजोर देखिएको बताउनुभएको छ । राष्ट्रियसभाको शुक्रबारदेखि सुरु भएको हिउँदे अधिवेशनलाई सम्बोधन गर्दै उहाँले सरकारले जनताको हितमा काम गर्न नसकेको आरोप लगाउनुभयो।

सांसद डा भुसालले भन्नुभयो, "अधिवेशन सुरु हुनुभन्दा चार दिनअघि अध्यादेश प्रकाशित भएका छन् । अध्यादेश ल्याउने संवैधानिक व्यवस्था हो। तर अध्यादेश कतिबेला र कस्तो अध्यादेश ल्याउने भन्ने मुख्य कुरा हो। अध्यादेश जनताको पक्षमा छैनन्।"

सांसद मोहम्मद खालिदले यो अधिवेशनले जनताको आकाङ्क्षा पूरा गर्न सार्थक होस् भन्ने शुभकामना व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "सङ्घीयतालाई मजबुत गर्ने विधेयकहरु थन्किएका छन् । त्यसलाई 'फास्ट ट्र्याक'मा ल्याएर बहस र पारित गर्नुपर्छ। रासस

# राष्ट्रियसभामा विभिन्न अध्यादेश पेस



काठमाण्डु । राष्ट्रियसभामा विभिन्न अध्यादेश पेस भएका छन्।

सभाको शुक्रबारदेखि प्रारम्भ भएको सत्रौं अधिवेशनमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' सभासमक्ष पेस गर्नुभयो।

उहाँले सेवाग्राहीलाई छिटोछरितो सेवा प्रवाह गर्ने, राज्यको प्रशासनिक प्रणालीलाई चुस्त बनाउने गरी सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश ल्याइएको बताउनुभयो।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१' निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१' र 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' सभासमक्ष पेस गर्नुभयो । त्यस क्रममा उहाँले भन्नुभयो, "बजेट तथा कार्यक्रम तर्जुमालाई व्यवस्थित गर्नका लागि बनेको आर्थिक तथा वित्तीय उत्तरदायित्व ल्याइएको छ।"

> "प्रतिनिधिसभाका पूर्वसदस्य एवं पूर्वमन्त्री प्रेमलाल (पिएल) सिंहको निधनमा शोक प्रस्ताव प्रस्तुत गर्नुभएको छ"

यसैगरी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ र भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' सभासमक्ष पेस गर्नुभयो।

बैठकमा सभाध्यक्ष नारायणप्रसाद दाहालले पूर्वसभामुख दमननाथ ढुङ्गाना, संविधानसभा सदस्य रामजीप्रसाद शर्मा, संविधानसभा सदस्य अब्दुलहमिद सिद्धिकी र प्रतिनिधिसभाका पूर्वसदस्य एवं पूर्वमन्त्री प्रेमलाल (पिएल) सिंहको निधनमा शोक प्रस्ताव प्रस्तुत गर्नुभएको छ। शोक प्रस्तावलाई सर्वसम्मत रूपमा पारित गर्दै एक मिनेट मौनधारण गरिएको थियो।

राष्ट्रियसभाको अर्को बैठक यहीमाघ २० गते आइतबार दिउँसो १: १५ बजे बस्नेछ। रासस

# हिउँदे अधिवेशनलाई प्रभावकारी बनाउनुपर्छः वरिष्ठ उपाध्यक्ष पाण्डे

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डेले संसद्को हिउँदे अधिवेशनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको छ। प्रतिनिधिसभाको शुक्रबारको बैठकमा उहाँले सरकारले बहुमतको दम्भमा अध्यादेश ल्याएको पनि चर्चा गर्नुभयो। अध्यादेश ल्याउनु सरकारको अधिकार भए पनि यसले संसद्को भूमिका र राजनीतिक दलहरुको आन्तरिक लोकतन्त्र कमजोर बनाउने उहाँको भनाइ थियो।

"सरकारले अध्यादेश ल्याउन पाउँदैन भन्ने होइन, पाउँछ। तर केही दिनमा संसद् अधिवेशन सुरु हुँदैछ भन्ने जानीजानी अध्यादेश ल्याइएको छ", उहाँले भन्नुभयो, "अध्यादेश ल्याउने प्रवृत्तिले सांसदलाई पार्टीभित्रै पनि कमजोर बनाउँछ। अध्यादेशमा छलफल गर्ने ठाउँ छैन, संशोधन आवश्यक छैन भन्ने शैलीमा सांसदहरुलाई डोऱ्याउँछ।"

सांसद पाण्डेले दुई तिहाइ भएका बेला सरकार जे गरे पनि हुन्छ भन्ने शैलीमा प्रस्तुत हुन नहुने बताउनुभयो। सरकार गठनको करिब सात महिना अवधिमा उल्लेख्य केही सुधार नभएको पनि उहाँको दाबी थियो। "आर्थिक सुधार भएको छैन। बेरोजगारी दर घटेको छैन। युवाहरु विदेशिनेक्रम रोकिएको छैन। गाउँहरु खाली भएका छन्। त्यसोभए सरकारले गरेका उपलब्धी के हुन् ?", उहाँले प्रश्न गर्नुभयो।



त्यस्तै, सबै निर्वाचन क्षेत्रका लागि रणनीतिक सडक निर्माण र सबै पालिकामा स्वास्थ्यचौकी निर्माणको कार्य निकै सुस्त रहेको पाण्डेले बताउनुभयो। बूढीगण्डकी जलविद्युत् आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल शीघ्रताका साथ अघि बढाउन पनि उहाँले माग राख्नुभयो।

कृषिमा आत्मनिर्भर हुने कुरामा सरकारको ध्यान जान नसकेको समेत उहाँको भनाइ छ।रासस

# 'खानेपानीको क्षेत्रमा देखिएका समस्या समाधान गरिने छ'

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले खानेपानीको क्षेत्रमा देखिएका समस्या दीर्घाकालीन रुपमा समाधान गर्न मन्त्रालय कटिबद्ध रहेको बताउनुभएको छ।




मन्त्रालयमा शुक्रबार काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रमुख कार्यकारी अधिकृत (सिइओ) तथा केयुकेएल कर्मचारी ट्रेड युनियनसँगको छलफल तथा बैठकमा उहाँले भन्नुभयो, "खानेपानीका क्षेत्रमा देखिएका समस्या समाधान गर्न मन्त्रालय आफ्नो क्षेत्रबाट लागिपरेको छ, आम नागरिकले सहजरुपमा खानेपानीको प्रयोग गर्न सक्ने गरी खानेपानीको व्यवस्थापन गरौं।"

सोही क्रममा मन्त्री यादवले काठमाडौं उपत्यकामा सहज रुपमा खानेपानी वितरण, लिकेज भएका पाइपलाइन मर्मत, खानेपानीका मिटर वितरण गर्ने लगायतका कार्य छिटो छरितो गर्न आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, "खानेपानीका लिकेज भएका पाइप लाइन चाँडो मर्मत गर्नुहोला, नागरिकले खानेपानीका मिटर नपाएको गुनासो गर्दै आएका छन्, मिटरहरुको चाँडो व्यवस्था गर्न मेरो आग्रह छ।"

खानेपानी मन्त्रालय काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को अभिभावक भएकाले केयुकेएललाई सहज रुपमा पानी वितरण गर्ने कार्यमा मन्त्रालयले पूर्ण साथ र सहयोग गर्दै आएको तथा आगामी दिनमा पनि सम्पूर्ण सहयोग गर्ने मन्त्री यादवको भनाइ थियो।काठमाडौं उपत्यकासहित देशभरीका खानेपानीका समस्या समाधानका लागि मन्त्रालयले कदम चालिरहेको समेत उहाँले बताउनुभयो । यसैगरी मन्त्री यादवले प्रमुख कार्यकारी अधिकृत (सिइओ) तथा केयुकेएल कर्मचारी ट्रेड युनियनबीच आपसी मेलमिलामा रही नागरिकलाई खानेपानी पुऱ्याउने कार्यलाई निरन्तरता दिनसमेत आग्रह गर्नुभएको थियो।

उक्त बैठकमा मन्त्रालयका सचिव इ प्रमिलादेवी शाक्य बज्रचार्यले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) ले यहाँका नागरिकलाई खानेपानी वितरणको कार्य गर्दै आइरहेको र अबका दिनमा पनि उक्त कार्यलाई थप अघि बढाउँदै पानी लिकेज भएका ठाउँमा चाडो मर्मत गर्नुपर्ने धारणा राख्नुभएको थियो।

उहाँले भन्नुभयो, "केयुकेएलले विपद्को समयमा पनि काठमाडौं उपत्यकावासीलाई पानी पुऱ्याउन सफल भएको उदाहरण हामी माझ छ, कतिपय ठाउँमा पानी लिकेज भएर पानी खेर गइरहेको छ, त्यसको रोकथामसहित खानेपानीका मिटर नपाएको गुनासो पनि छ, यसको समस्या चाँडो समाधान गर्नतर्फ ध्यान दिन जरुरी छ।"

केयुकेएलका प्रमुख कार्यकारी अधिकृत अशोककुमार पौडेलले काठमाडौं उपत्यकामा खानेपानी वितरण लगायतका विभिन्न काम भइरहेका र गत असोज ११ गतेको बाढीका कारण कतिपय ठाउँका खानेपानीका मुहान बाढीले बगाएकाले समस्या उत्पन्न भएको बताउनुभयो । आजको उक्त बैठकमा मन्त्रालयका सहसचिव इ मिना श्रेष्ठ, इ रमाकान्त दुवाडीलगायत केयुकेएल कर्मचारी ट्रेड युनियनका कर्मचारीको सहभागिता रहेको थियो।रासस

# ट्रम्पको भन्सार महसुल समयसीमाको प्रतीक्षामा संसार

एएफपी

वासिङ्टन । राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाका तीन सबैभन्दा ठूला व्यापारिक साझेदार क्यानाडा, मेक्सिको र चीनमाथि व्यापक भन्सार महसुल लगाउने समयसीमा २४ घन्टाभन्दा कम समय बाँकी रहँदा विश्व अर्थतन्त्र यसको प्रभावको लागि तयार हुँदैछ ।



यस महिना पदभार ग्रहण गरेको केही समयपछि ट्रम्पले छिमेकी क्यानाडा र मेक्सिकोले अमेरिकी सीमा पार गर्ने अवैध आप्रवासीहरू र घातक फेन्टानलको प्रवाहमाथि कडा कारबाही नगरे फेब्रुअरी १ मा ती मुलुकमा २५ प्रतिशत कर लगाउने योजना बनाएको बताउनुभयो ।

उहाँले फेन्टानलकै कारण शनिबारदेखि नै चिनियाँ वस्तुहरूमा थप १० प्रतिशत शुल्क लगाउने विचार गरिरहेको पनि बताउनुभयो ।बिहीबार उहाँले तीनवटै देशमा कर लगाउने आफ्नो प्रतिबद्धता दोहोऱ्याउनुभयो । त्यसै दिन पछि उहाँले ब्रिक्स राष्ट्रहरूले अमेरिकी डलरको प्रतिस्पर्धी मुद्रा सिर्जना गरे सतप्रतिशत शुल्क लगाउने धम्की दिनुभयो । ब्रिक्स राष्ट्रमा ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका रहेका छन् ।

हेरोइनभन्दा धेरै गुणा शक्तिशाली फेन्टानल एक वर्षमा अति मात्रा सेवनका कारण हुने दशौँ हजार मृत्युका लागि जिम्मेवार रहेको छ ।बेइजिङले यस घातक व्यापारमा आफ्नो संलग्नताको दाबीलाई पहिले नै खारेज गरेको छ। त्यस्तै क्यानाडाले संयुक्त राज्य अमेरिका प्रवेश गर्ने कागजातविहीन आप्रवासीहरू र फेन्टानलको एक प्रतिशतभन्दा कम मात्र उत्तरी सीमा हुँदै आउने भन्दै प्रतिवाद गरेको छ ।

जेपी मोर्गनका विश्लेषकहरू भन्सार महसुलको प्रतिज्ञा संयुक्त राज्य अमेरिका, मेक्सिको र क्यानाडाबीच व्यापार सम्झौताको पुनर्वार्ता गतिशील बनाउन 'सौदाबाजीको साधन' हो भन्ने विश्वास गर्छन् ।

"यद्यपि दशकौँ लामो स्वतन्त्र व्यापार क्षेत्रलाई सम्भावित रूपमा ध्वस्त पार्नु एउटा ठूलो धक्का हुनसक्छ", जेपी मोर्गनको हालैको टिप्पणीमा उल्लेख छ ।जेपी मोर्गनका अनुसार ट्रम्पको पहिलो कार्यकालबाट एउटा पाठ के थियो भने नीति परिवर्तनहरू छोटो सूचनामा घोषणा वा धम्की दिन सकिन्थ्यो ।अमेरिकी व्यवसायहरूले विदेशबाट खरिद गर्दा सरकारलाई शुल्क तिर्छन् र आर्थिक भार आयातकर्ता, विदेशी आपूर्तिकर्ता वा उपभोक्ताहरूमा पर्न सक्छ ।

### मन्दीको जोखिम

कर्नेल विश्वविद्यालयका सहायक प्राध्यापक वेन्डोङ झाङले क्यानाडा र मेक्सिकोले सबैभन्दा बढी २५ प्रतिशतभन्दा कम अमेरिकी कर र दुवै देशबाट समानुपातिक प्रतिशोधको सामना गर्नुपर्ने बताउनुभयो ।

"क्यानाडा र मेक्सिकोले क्रमशः वास्तविक जिडिपी (कूल गार्हस्थ्य उत्पादन) को तीन दशमलव छ प्रतिशत र दुई प्रतिशत गुमाउने छन् भने अमेरिकाले वास्तविक जिडिपीको शून्य दशमलव तीन प्रतिशत गुमाउने छ", उहाँले भन्नुभयो ।

अक्सफोर्ड इकोनोमिक्सका टोनी स्टिलोका अनुसार व्यापक अमेरिकी भन्सार महसुल र ओटावाको समान प्रतिक्रियाले क्यानाडालाई यस वर्ष मन्दीमा पुऱ्याउन सक्छ र संयुक्त राज्य अमेरिकाले पनि हल्का मन्दीको जोखिम मोल्न सक्छ ।मेक्सिकोले पनि यस्तै अवस्थाको सामना गर्नसक्ने अक्सफोर्ड इकोनोमिक्सका टिम हन्टरले बताउनुभयो ।

क्यानाडा र मेक्सिकोमा लगाइएको करमा कच्चा तेल आयातलाई समावेश गर्ने कि नगर्ने भनेर बिहीबार निर्णय गर्ने अपेक्षा गरिएको भन्दै ट्रम्पले त्यहाँ अपवाद हुन सक्छ कि भनेर स्पष्ट नभएको बताउनुभयो ।

क्यानाडा र मेक्सिकोले अमेरिकी कच्चा तेल आयातको ७० प्रतिशतभन्दा बढी आपूर्ति गर्दछन् । यसमा करिब ६० प्रतिशत अमेरिकी आयात क्यानाडाबाट मात्रै हुने गरेको कङ्ग्रेसनल रिसर्च सर्भिसको प्रतिवेदनले जनाएको छ ।स्टिलोले भन्नुभयो, "क्यानाडाले निर्यात गर्ने र अमेरिकामा परिष्कृत गरिने भारी तेलका लागि अमेरिकामा सजिलो विकल्पहरू छैनन् ।"पिटरसन इन्स्टिच्युट फर इन्टरनेसनल इकोनोमिक्स (पिआइआइइ) का अनुसार दुवै देशबाट हुने अमेरिकी व्यापारिक सामानको आयात धेरै हदसम्म शुल्कमुक्त वा औसतमा धेरै कम दरमा हुन्छ ।

पिआइआइईको बिहीबारको प्रतिवेदनअनुसार भन्सार महसुल वृद्धिले औद्योगिक खरिदकर्ता र उपभोक्ता दुवैलाई धक्का दिनेछ र यसले मेसिनरीदेखि फलफूलसम्म सबै कुरालाई प्रभावित गर्नेछ ।यस हप्ता क्यानाडाका अधिकारीहरूले ओटावाले अमेरिकी शुल्क लागू भएमा कामदार र व्यवसायहरूलाई महामारी-स्तरको वित्तीय सहयोग प्रदान गर्ने बताएका थिए ।

प्रधानमन्त्री जस्टिन ट्रुडोले बुधबार ओटावाले भन्सार महसुल रोक्न काम गरिरहेको र कडा प्रतिक्रिया दिन तयार रहेको बताउनुभएको थियो ।मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबामले आफ्नो देश भन्सार महसुलबाट बच्न सक्ने कुरामा आफू विश्वस्त रहेको बताउनुभयो ।ट्रम्पका वाणिज्यमन्त्री मनोनीत हावर्ड लुटनिकले बुधबार यदि क्यानाडा र मेक्सिकोले आप्रवासन र फेन्टानलमा कार्य गरे भने 'कुनै शुल्क लाग्ने छैन' भन्नुभयो ।

### ठूलो सम्झौता

ट्रम्पले चिनियाँ वस्तुहरूमाथि नयाँ भन्सार महसुल लगाउने विचार पनि गरिरहनुभएको छ । बिहीबार उहाँले यसबारे विचार गरिरहेको बताउनुभयो ।ह्वाइट हाउसकी प्रवक्ता क्यारोलिन लेभिटले यस हप्ता पत्रकार हरूलाई भन्नुभयो, "राष्ट्रपतिले भन्नुभएको छ कि उहाँले फेब्रुअरी १ का लागि त्यसबारे अझै पनि गम्भीरतापूर्वक विचार गरिरहनुभएको छ ।"बेइजिङले आफ्नो 'राष्ट्रिय हित' को रक्षा गर्ने प्रतिज्ञा गरेको छ र विदेश मन्त्रालयकी एक प्रवक्ताले पहिले नै 'व्यापार युद्धमा कोही पनि विजेता हुँदैन' भन्दै चेतावनी दिएकी थिइन् ।

निर्वाचन प्रचार अभियानमा ट्रम्पले चिनियाँ आयातमा ६० प्रतिशत वा सोभन्दा बढी भन्सार महसुल लगाउने विचार उठाउनुभएको थियो ।वित्तीय सेवा कम्पनी बिटिआइजीका आइज्याक बोल्टान्स्कीले चिनियाँ सामानहरूमा 'क्रमिक भन्सार महसुल वृद्धि' देख्ने अपेक्षा गर्नुभएको छ ।

यसमा उपभोक्ता वस्तुहरूमा कम वृद्धि हुने सम्भावना छ ।"हाम्रो बुझाइमा ट्रम्प चीनसँग फाइदा र धम्कीको बीचमा घुम्नुहुनेछ, जसको अन्तिम लक्ष्य उहाँको कार्यकाल समाप्त हुनुअघि कुनै प्रकारको ठूलो सम्झौता गर्नु हो", उहाँले हालैको एक टिप्पणीमा भन्नुभयो ।

# थाइल्यान्डसँग नेदरल्यान्ड्स पराजित



काठमाण्डु । राजधानीमा जारी त्रिकोणात्मक सिरिजअन्तर्गत शुक्रबार भएको दोस्रो खेलमा थाइल्यान्डसँग नेदरल्यान्ड्स पराजित भएको छ ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा थाइल्यान्डले नेदरल्यान्ड्सलाई आठ विकेटले पराजित गरेको हो । नेदरल्यान्ड्सले दिएको १२३ रनको लक्ष्य पछ्याएको थाइल्यान्डले १८ ओभरमा दुई विकेट गुमाएर पूरा गर्यो । थाइल्यान्डका लागि नान्नापत कोन्चारोइनकाइले ५० बलमा पाँच चौका प्रहार गर्दै नटआउट ५६ रन जोडिन् ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १२२ रनको योगफल बनाएको थियो । नेदरल्यान्ड्सका लागि कप्तान बाकेटे डी लिडेले ५२ रन जोडेकी थिइन् । त्यस्तै आरिस विलिङ्ले २८ रन जोडिन् ।

बलिङमा थाइल्यान्डकी पुत्थावोङ्ले दुई विकेट लिइन् । उक्त सिरिजको तेस्रो खेलमा भोलि शनिबार नेपाल र थाइल्यान्डबीच प्रतिस्पर्धा हुनेछ ।रासस

# 'अर्जुन ट्रफी' खेल्ने टोली घोषणा

बैतडी । धनगढीमा आयोजना हुने 'अर्जुन ट्रफी' टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि बैतडीको टोली घोषणा गरिएको छ । बैतडीको दशरथचन्द एकेडेमी भुवन कार्कीको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गरेको हो ।




विभिन्न उमेर समूहका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता खेलिसकेका खेलाडीलाई टोलीमा सम्मिलित गराइएको छ ।

टोलीमा अमरसिंह रौटेला, दिवान पुन, रुपेश सिंह, बसन्त खत्री, खडक बोहोरा, दीपक बोहोरा, प्रदीप चन्द, हिमाल दौल्याल, जनक सुनार, दीपक चन्द, लोकेश चन्द, सुमित बुडाल र सल्लाउद्धिन खान रहेका छन् ।

टोलीको प्रशिक्षकमा दीपेन्द्रबहादुर चन्द र व्यवस्थापकमा जीवन शाही रहेका छन् ।


बैतडीले आफ्नो पहिलो खेल यही माघ २० गते सिवाईसी अत्तरियासँग खेल्ने छ । सुदूरपश्चिम प्रदेशको क्रिकेटमा उल्लेखनीय योगदान दिनुभएका अर्जुन खड्काको स्मृतिमा 'अर्जुन ट्रफी' आयोजना गर्न लागिएको हो । प्रतियोगिताको विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाखसहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले रु एक लाख पुरस्कार प्राप्त गर्नेछन् ।

उत्कृष्ट ब्याटर, उत्कृष्ट बलर र उदीयमान खेलाडीले जनही रु ५० हजार पुरस्कार पाउने छन् । प्रतियोगितामा देशभरका आठ टोलीको सहभागिता रहने छ ।रासस

# अमेरिकाको घातक हवाई दुर्घटनामा सबै ६७ जनाको मृत्यु

एपी

अर्लिङ्टन ।आकाशमै एउटा सैनिक हेलिकप्टर र एउटा यात्रुवाहक विमान ठोक्किँदा दुवै विमानमा सवार सबै ६७ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।



बुधबार राति रोनाल्ड रेगन राष्ट्रिय विमानस्थलमा अवतरण गर्दै गरेको अमेरिकन एयरलाइन्सको क्षेत्रीय जेट विमानको मार्गमा हेलिकप्टर उडेपछि पोटोमाक नदीको चिसो पानीबाट कम्तीमा २८ शव निकालिएको अधिकारीहरूले बताए । विमानस्थल वासिङ्टनबाट नदीपारि छ । विमानमा ६० यात्रु र चार चालक दलका सदस्य थिए भने हेलिकप्टरमा तीन सैनिक थिए ।राष्ट्रपति डोनाल्ड ट्रम्पले ह्वाइट हाउस पत्रकार सम्मेलनमा कोही पनि जीवित नबचेको बताउनुभयो ।

"अब हामी उद्धार कार्यबाट शव निकाल्ने कार्यमा रूपान्तरण भइरहेका छौँ", राजधानीका दमकल प्रमुख जोन डोनेलीले भन्नुभयो ।

ह्वाइट हाउस र क्यापिटलको दक्षिणमा तीन माइल (लगभग ४.८ किलोमिटर) भन्दा बढी विश्वको सबैभन्दा कडा नियन्त्रण र निगरानी गरिएको एयरस्पेसमा राति ९ बजेभन्दा पहिले दुर्घटना भएको थियो ।हवाई दुर्घटनाको अनुसन्धानमा महिनौँ लाग्न सक्छ र सङ्घीय अनुसन्धानकर्ताहरूले पत्रकार हरूलाई उनीहरूले कारणबारे अनुमान नगर्ने बताए ।

राष्ट्रिय यातायात सुरक्षा बोर्डका अनुसन्धानकर्ताहरूले बोम्बार्डियर सिआरजे७०० विमानबाट ककपिट भ्वाइस रेकर्डर र फ्लाइट डाटा रेकर्डर बरामद गरेको एजेन्सीका प्रवक्ता पिटर नुडसनले बताउनुभयो ।

उनीहरू ती मूल्याङ्कनका लागि एजेन्सीको प्रयोगशालामा छन् ।डोनेलीका अनुसार विमान कम्मरसम्मको पानीमा तीन खण्डमा उल्टो अवस्थामा फेला परेको थियो र प्रथम प्रतिक्रियाकर्मीहरूले पोटोमाकको माइलौँ क्षेत्र खोजिरहेका छन् । हेलिकप्टरको भग्नावशेष पनि फेला परेको छ । नदीका तस्बिरहरूमा आंशिक रूपमा डुबेको पखेटा र विमानको फ्युजलाजको क्षतविक्षत भग्नावशेष वरिपरि डुङ्गाहरू देखिन्छन् । अमेरिकन एयरलाइन्सका सिइओ रोबर्ट इसोमले जेटको 'सैन्य विमान बाटोमा आएपछि' विमान सामान्य अवतरणको तयारीमा रहेको बताउनुभयो ।एसोसिएटेड प्रेसले प्राप्त गरेको सङ्घीय उड्डयन प्रशासनको प्रतिवेदन अनुसार दुर्घटना हुँदा एक एयर ट्राफिक कन्ट्रोलर हेलिकप्टर यातायात र आउने-जाने विमानहरूको समन्वय गर्न जिम्मेवार थिए ।

यी जिम्मेवारी प्रायः दुई व्यक्तिबीच विभाजित गरिन्छ तर यातायात कम हुन थालेपछि विमानस्थलले साँझ ९:३० बजे यी भूमिकाहरू एकीकृत गर्छ । बुधबार टावर सुपरभाइजरले तिनलाई चाँडै नै एकीकृत गर्न निर्देशन दिएका थिए ।

"दिनको समय र ट्राफिकको मात्राका लागि स्थिति पद व्यवस्था सामान्य थिएन", प्रतिवेदनमा भनिएको छ ।

यद्यपि यस मामिलासँग परिचित एक व्यक्तिले त्यस रात टावरमा कर्मचारीहरू सामान्य स्तरमा रहेको बताएका छन् ।आन्तरिक प्रक्रियाहरूबारे छलफल गर्न नाम न छाप्ने सर्तमा बोल्दै उनले भने, "कन्ट्रोलरहरूलाई कन्सोलबाट ब्रेकका लागि टाढा जानुपर्दा, सिफ्ट परिवर्तन हुँदा वा हवाई यातायात कम हुँदा यी पदहरू नियमित रूपमा एकीकृत गरिन्छ ।रासस

# आहा ! रारा पोखरा गोल्ड कपमा तीन विदेशीसहित १२ टोलीले प्रतिस्पर्धा गर्ने

कास्की । गण्डकी प्रदेशको राजधानी पोखरामा यही माघ २२ देखि फागुन ३ गतेसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा ! रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिता सञ्चालन हुँदैछ ।

Aaha! RARA POKHARA GOLD CUP

चौबिसौँ संस्करणको यो प्रतियोगितामा नेपालका नौ र तीन विदेशी गरी १२ टोलीले उपाधिका लागिप्रतिस्पर्धा गर्ने निश्चित भएको आयोजक क्लब पोखराका अध्यक्ष केशवराज बरालले जानकारी दिनुभयो ।प्रतियोगिताको उद्घाटन खेल माघ २२ गते आयोजक सहारा र विभागीय टोली नेपाल पुलिस क्लबका बीचमा हुनेछ ।

प्रतियोगितामा आयोजक सहारा, नेपाल पुलिस क्लब, थ्री स्टार क्लब, मच्छिन्द्र फुटबल क्लब, सङ्कटा क्लब, ब्रिगेड ब्वाइज क्लब, एन आरटी फुटबल क्लब, अपी पावर चर्च ब्वाइज युनाइटेड फुटबल क्लब सहभागी हुँदैछन् ।

यसैगरी नेपाली सेनाको त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बलको नेपाल एपिएफ क्लब र आयोजक सहारा क्लब गरी स्वदेशका नौ टोलीले प्रतिस्पर्धा गर्नेछन् । विदेशी टोली युकेको बिग्रेड ब्वाइज फुटबल क्लब, भारतको थन्डरबोल्ट नर्थ युनाइटेड र उज्वेकिस्तानको ब्ल्याक बुल्स फुटबल क्लब प्रतियोगितामा सहभागी हुने अध्यक्ष बरालले जानकारी दिनुभयो ।

प्रतियोगितामा सहभागी १२ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा ब्रिगेड ब्वाइज, आयोजक, पुलिस, एनआरटी, चर्च ब्वाइज र आर्मी रहेका छन् भने समूह 'बी' थ्री स्टार, एपिएफ, मच्छिन्द्र, भारतको थन्डरबोल्ट, सङ्कटा र उजेकिस्तानको टोली रहेका छन् । सहभागीमध्ये दुई विदेशी टोली ब्रिगेड ब्वाइज र उज्वेकिस्तानको टोलीसँगै थ्री स्टार तथा आर्मी वाई पाएर सिधैँ क्वार्टरफाइनल खेल्नेछन् ।

प्रतियोगिताको विजेताले रु १२ लाखसहित सिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्दा उपविजेताले रु छ लाखसहित सिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार पाउनेछन् । यसैगरीसोप्रतियोगिताकोसर्वोत्कृष्ट खेलाडीलाई स्कुटर पुरस्कार प्रदान गरिने छ । प्रतियोगितामा विधागत रूपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, गोलरक्षक, मिडफिल्डर, स्टाइकर र प्रशिक्षकले रु २५ हजारसँगै ट्रफ्री पुरस्कार पाउँदा फेएर प्लेको रूपमा एक टोलीलाई पुरस्कृत गरिने सहाराका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

प्रतियोगितमा रु एक करोड ५१ लाख आम्दानी हुने र रु एक करोड ४२ लाख २० हजार खर्च हुने आयोजक सहारा क्लबले जनाएको छ । पोखरा महानगरपालिकाको संरक्षकत्त्व रहेको आहा रारा पोखरा गोल्डकप हिमश्री फुड्स प्रालिको उत्पादन आहा रारा चाउचाउको मुख्य प्रायोजनमा हुँदै आएको छ ।

क्लबले सञ्चालन गर्ने पोखरा गोल्डकपबाट सङ्कलित रकम सहारा एकेडेमिमा आश्रित विपन्न वर्गका बालकको फुटबल प्रशिक्षणसँगै निःशुल्क आवास सुविधा प्रदान गर्दै आएको छ । एकेडेमीमा चौथो व्याचका ३० बालक आश्रित रहेका छन् ।रासस

# दक्षिण कोरियाले प्रयोगकर्ताको डाटाबारे डिपसिकसँग सोधपुछ गर्ने

एएफपी

सियोल । चिनियाँ स्टार्टअप डिपसिकले यस हप्ता आफ्नो शक्तिशाली नयाँ एआई च्याटबट लन्च गरेपछि दक्षिण कोरियाले कम्पनीलाई प्रयोगकर्ताहरूको व्यक्तिगत जानकारी कसरी व्यवस्थापन गर्छ भनेर सोध्ने सियोलको डाटा नियामक निकायले शुक्रबार बताएको छ ।

डिपसिकले यसको आर१ च्याटबटले अमेरिकी कम्पनीहरूले गरेको लगानीको एक अंशमा संयुक्त राज्य अमेरिकाका कृत्रिम बौद्धिकता (एआई) अग्रणीहरूको क्षमतासँग मेल खाने दाबी गरेको छ ।यो समाचारले प्रविधि दिग्गजहरूमा गिरावट ल्याएको छ - एनभिडिया सोमबार १७ प्रतिशतले खस्यो - र हालका वर्षहरूमा एआईमा लगानी गरिएको सयौँ अरब डलरबारे प्रश्नहरू उठाएको छ ।

"डिपसिकले व्यक्तिगत डाटा कसरी ह्यान्डल गर्छ भन्नेबारे जानकारी प्राप्त गर्न हामीले शुक्रबारदेखि नै लिखित रूपमा अनुरोधपेश गर्ने योजना बनाएका छौँ", दक्षिण कोरियाको व्यक्तिगत सूचना संरक्षण आयोगका एक अधिकारीले एएफपीलाई बताए ।रासस

# कब्जा भएको भूभागमा युक्रेनी सेनाको आक्रमणमा २२ जनाको मृत्यु

एएफपी

मस्को । युक्रेनी सेनाले रूसबाट कब्जामा लिएको एउटा गाउँमा युक्रेनी सेनाले २२ जनाको 'हत्या गरेको' मस्कोले दावी गरेको छ । युक्रेनले पश्चिमी रुसको कुर्स्क क्षेत्रका दर्जनौं सीमावर्ती वस्तीहरूलाई नियन्त्रण लिएको छ ।

अगस्टमा अचानक आक्रमण सुरु गरेयता लगभग दुई हजार नागरिकहरू अझै पनि आफ्नो कब्जामा रहेको क्षेत्रमा बसोबास गरिरहेको युक्रेनले बताएको छारूसले अहिले धेरै शहरहरू आफ्नो कब्जामा लिएको छ ।रूसी अनुसन्धान समितिले जनवरी १९ मा युक्रेनी सीमाबाट करिब २० किलोमिटर टाढा रहेको रूसकोये पोरेचनोये गाउँमा 'कम्तीमा सात जना सर्वसाधारण' मारिएको घटनाको अनुसन्धान गरिरहेको बताएको थियो ।

गत शुक्रबार उसले सेप्टेम्बरदेखि नोभेम्बरको बीचमा '२२ जना बासिन्दाको हत्या' भएको घटनाको अनुसन्धान गरिरहेको बताएको हो ।विभिन्न घरको भूईँतलामा शव फेला परेका मध्ये आठ जना महिला पनि रहेको र उनीहरूलाई बलात्कारपछि हत्या गरिएको अनुसन्धान समितिले जनाएको छ ।अनुसन्धानकर्ताहरूले पाँच जना युक्रेनी सैनिक हत्याका लागि दोषी ठहर भएको जनाएका छन् । तीमध्ये एक येभगेनी फाब्रिसेन्कोलाई कुर्स्क क्षेत्रमा भएको लडाइँको क्रममा पक्राउ गरिएको बताएका छन् ।रासस

# ‘मिल्क होलिडे’ हुनबाट रोक्दै चितवनका दुग्ध उद्योग



ीचितवन ।भरतपुर महानगरपालिका-१ ठिमुरास्थित चितवन मिल्क उद्योग छ । यहाँ आज बिहान पनि दूध बोकेका ट्याङ्करको लामो लाइन लागेको थियो । सहकारी र निजी डेरी फार्महरूले सङ्कलन गरेको दूध बजारमा खपत हुन नसकेपछि ती ट्याङ्करहरू उद्योगमा दूध बोकेर आएका थिए । बजारमा दूध खपत नभएपछि प्रशोधन गरेर धुलो बनाउन ती ट्याङ्कर यहाँ आएका हुन् ।

नेपाल डेरी उद्योग सङ्घका केन्द्रीय अध्यक्ष राजकुमार दाहाल यसरी आएको दूध उक्त उद्योगले प्रशोधन नगरेको भए दूध फाल्नुको विकल्प नहुने बताउनुहुन्छ । उहाँले भन्नुभयो, “चितवन मिल्क नभएको भए तपाईंले आज बिहान देखेको ट्याङ्करको दूध खोलामा फाल्नुको विकल्प थिएन ।”

केही वर्षअघिसम्म दूध धेरै उत्पादन हुने समयमा मिल्क होलिडे गर्ने गरिएको थियो । अध्यक्ष दाहालका अनुसार पछिल्लो आँकडाअनुसार नेपालमा दैनिक ७५ लाख लिटर दूध उत्पादन हुने गर्दछ । त्यसमध्ये आधा दूध घर र बाँकी व्यावसायिक प्रयोजनमा प्रगोग हुने गरेको छ । व्यावसायिक प्रयोजनमा प्रयोग हुनेमध्ये ३३ प्रतिशत दुग्ध विकास संस्थानसहित व्यावसायिक उद्योगहरूमा प्रशोधन गरेर बजारमा पठाइन्छ भने बाँकी स्थानीय डेरी पसलले प्रशोधन नगरी बजारमा पठाउने गरेका छन् ।

वैशाखदेखि असोजसम्म दूधको उत्पादन कम हुने गर्दछ । यो समयमा अरू बेलाको तुलनामा ४० प्रतिशतसम्म दूध कम हुने आँकडा छ । बढी उत्पादन भएको बेला दूधलाई प्रशोधन गरेर पाउडर र बटर बनाउने गरिन्छ ।

नेपालमा चितवन मिल्कसहित पोखराको सुजल, भक्तपुरको शिवपुरी, विराटनगरको सूर्योदय र सगरमाथासँगै बागमती प्रदेशको हेटौँडा डेरीले दूधको धुलो बनाउने गरेका छन् । क्षमताको हिसाबले चितवन मिल्कले सबैभन्दा बढी प्रशोधन गर्ने गरेको नेपाल डेरी उद्योग सङ्घले जनाएको छ ।

मङ्सिर र पुस महिनामा दैनिक दुई लाख ५० हजार लिटर दूध प्रशोधन हुने गरेकामा माघ लागेपछि सबै उद्योगले गरी दैनिक दुई लाख लिटर दूध प्रशोधन हुँदै आएको छ । चितवन मिल्कले भने दैनिक ८० हजार लिटर दूध प्रशोधन गर्दै आएको छ । उद्योगका प्रबन्धक दुर्गा पराजुलीका अनुसार उद्योगले एक ‘सिफ्ट’मा एक लाख लिटरसम्म दूध प्रशोधन गर्न सक्छ भने २४ घण्टा सञ्चालन गर्दा दुई लाख लिटर दूध प्रशोधन हुन्छ । उपकरणमा केही खराबी देखिएकाले अहिले एक सिफ्टमा ८० हजार लिटर मात्रै प्रशोधन गरिँदै आएको उहाँले जानकारी दिनुभयो । प्रबन्धक पराजुलीले भन्नुभयो, “हामीले यो बेला प्रशोधन नगर्ने हो भने किसानले मिल्क होलिडे बेहोर्नु पर्छ ।”

हाल सो उद्योगमा देशैभरबाट दूध आउने गरेको छ । १२ वटा सहकारी संस्था र करिब ५० वटा निजी डेरीले यहाँ दूध पठाउने गरेका छन् । विसं २०७५ सालदेखि उद्योगले डेरी र सहकारीको दूध शुल्क लिएर प्रशोधन गरिरहेको प्रबन्धक पराजुलीले जानकारी दिनुभयो ।रासस

# अत्याधुनिक आधा दर्जन इभि गाडि सिजि मिनोल्टा इन्भेस्टमेन्टले ल्यायो बजारमा

**टुडे समाचारदाता**

वीरगन्ज । इलेक्ट्रिक सवारी साधन (ईभी) वितरणको क्षेत्रको अग्रणी स्थानमा रहेको सीजी मोटर्सले आधा दर्जन गाडिहरु बिक्रि बितरण सुरु गरेको छ ।

नेपालमा आफ्नो उपस्थितिलाई विस्तार गर्दै मधेश प्रदेशलाई केन्द्रित गर्दै बिरगंजमा चाइनामा निर्मित इभिका अत्याधुनिक ब्रान्डहरूको आधा दर्जन श्रृंखला शुक्रबार लन्च गरेको छ ।

सिजि ग्रपले मिनोल्टा इन्भेस्टमेन्ट प्रालिलाई आधिकारिक च्यानल पार्टनरको माध्यमबाट उक्त गाडिहरु बिक्रिमा ल्याएको हो । नया ब्रान्डका गाडि लन्चिग कार्यक्रममा नेपालको अटोमोबाइल क्षेत्र रूपान्तरण हुदै इलेक्ट्रिक गाडि प्रति आकर्षण बढदै गएको धारणा सहभागीहरुले व्यक्त गरेका छन ।

उद्घाटन कार्यक्रम बिरगंज महानगरपालिकाका मेयर राजेश मान सिंहले मिनोल्टा इन्भेस्टमेन्टका कार्यकारी निर्देशक राजेश अग्रवालले अत्याधुनिक र लग्जरियस गाडि लन्च गरेकोमा वधाइ व्यक्त गर्दै गाडि ग्राहकको लागी लोकिप्रिय हुने आशा व्यक्त गर्नुभयो ।मेयर सिहले इभि गाडिले पेट्रोल डिजेलको आवश्यक नभएकोले नाकावन्दी जस्तो वेलामा पनि नेपालीलाई आत्मनिर्भर बनाउने बताउनु भयो । सीजी मोटर्सका सीईओरडाइरेक्टर हेमन्त अग्रवाल गाडिहरुको बिशेषता बताउदै एक पटकको चार्जिगमा ५सय किलोमिटर गाडिहरु चलने भएकोले नेपाली ग्राहकको लागी सहज हुने बताउनु भयो ।कार्यक्रममा मिनोल्टाका डारेक्टर आकृती अग्रवालले सहभागीहरुलाई स्वागत गर्दै लन्च हुने सवै आधा दर्जन गाडिहरुमा रहेको बिशेषताको बारेमा जानकारी गराउनु भएको थियो ।



कार्यक्रम उधोगी ,व्यापार ी,बैकर्स, सञ्चारकर्मी र अन्य विशिष्ट अतिथिहरूको उपस्थितिमा सम्पन्न भएको थियो ।

कार्यक्रममा आधा दर्जन गाडिहरु बिक्रि भएकोले ग्राहकहरुलाई सांचो समेत उपलब्ध गराइएको थियो ।

यो पहलले बिरगंजमा विश्वप्रसिद्ध ईभी ब्रान्डहरू जस्तै एभाटर , एक्सपेंग , नेटा , आयोन , आयोन्थ र रिडारा ल्याएको छ ।

गाडिहरुले उन्नत र पर्यावरण मैत्री गतिशीलता समाधान प्रदान धारणा सहाभागीहरुले व्यक्त गरेका थिए । लन्च भएको एपेन्ज सिक्स जीमा पाँचतारे ल्क्ष्बए सुरक्षा रेटिङ, स्वचालित ड्राइभिङ प्रविधि, १९० किलोवाट मोटर, ४४० एनएम टर्क र ४३५ किलोमिटर रेन्ज रहेको छ ।

त्यसतै एपेन्ज सिक्समा १०० किलोवाट मोटर, २२५ एनएम टर्क र ६१.४ पध्ज लिथियम आइरन म्यागजिन ब्याट्रीसहित ५००ं किलोमिटर रेन्ज रहेको छ ।।

नेपालभरका २१ भन्दा बढी सेवा तथा स्पेयर पाटर्स केन्द्र र २३० भन्दा बढी चार्जिङ स्टेसनहरूको पहुँचको साथ, बिरगंज(मधेश प्रदेशका ग्राहकहरूले अब सिजि केयर सुविधाबाट विशेष सेवाहरू पाउँदै सहज मर्मतसम्भार र उत्कृष्ट ग्राहक अनुभव प्राप्त गर्न सक्नु हुनेछन्।

# पिप्लेबेंसीमा सक्खर उत्पादन



खोटाङ । जिल्लाको हलेसी तुवाचुङ नगरपालिका-१ बाहुनिडाँडास्थित पिप्लेबैँसीमा १६ परिवारको बसोबास छ । सुनकोशी किनारमा पर्ने यस गाउँमा पुर्खाकै पालादेखि गाउँभरि उखुखेती हुन्थ्यो । हाल पनि यहाँका दश परिवारले यो खेती गरिरहेका छन् ।

यहाँका किसानले उखु बेच्दैनन्, त्यसलाई पेलेर सक्खर बनाएपछि मात्रै बजारमा पठाउँछन् । यहाँ विसं २०३८ मा स्थानीय किसानहरू मिलेर खरिद गरेको फलामे मेसिन छ ।

यही मेसिनमा हल गोरुको सहारामा उखु पेल्छन् । त्यसबाट निस्केको रस ठूलो फलामे कराहीमा पकाएर सखर बनाउँछन् । अचेल यस्तै काममा व्यस्त छन् यहाँका किसान ।

स्थानीय कृषक बृहस्पति कार्कीले मेसिनमा पेलेर निस्किएको रस पकाउने र त्यसबाट बनेको खुदोलाई पुनः आगोको भुङ्ग्रोमा पकाएर परम्परागत रूपमा सक्खर बनाउने काम यहाँको पुर्ख्यौली पेसाको रूपमा रहेको बताउनुभयो । “पुर्खाका पालादेखि काठको कोलमा उखु पेल्दै आएका थियौँ, पछि २०३८ सालमा किसानहरू मिलेर फलामे मेसिन ल्यायौँ । उक्त मेसिन सबैको पायक पर्ने ठाउँमा जडान गरेर पालैपालो उखु पेल्ने गरिएको छ । आजपर्यन्त त्यसैको प्रयोग गरिरहेका छौँ”, उहाँले भन्नुभयो ।

यस मेसिनमा किसानले बिहान र दिउँसो पालैपालो हल गोरुसहित उखु पेल्ने गरेका छन् । यसरी उत्पादित सखरको डल्ला बनाएर बिक्री गर्ने गरिएको कार्कीले जानकारी दिनुभयो । यहाँ रु ८०० मा एक धार्नी बिक्री हुने गरेको छ ।

अर्का किसान कण्ठ कार्कीले यस वर्ष यहाँ करिब छ क्विन्टल सक्खर उत्पादन हुने अनुमान गरिएको बताउनुभयो ।

यहाँ उत्पादन हुने धेरैजसो सक्खर घरबाटै बिक्री हुने गरेको उहाँले बताउनुभयो । “एक रोपनी जग्गामा लगाएको उखुबाट सखर बनाएर बिक्री गर्दा रु एक लाखसम्म आम्दानी हुने गरेको छ । यसरी वार्षिक रु चार लाखसम्म आम्दानी हुन्छ”, कार्कीले भन्नुभयो, “उत्पादित सक्खर बिक्रीका लागि बजारको कुनै समस्या छैन, बरु मागअनुसार उत्पादन गर्न सकिएको छैन । आगामी दिनमा उखुखेती विस्तार गर्ने योजनामा छौँ ।”

सुक्खाग्रस्त क्षेत्रमा पर्ने वडा नं १ र वडा नं ११ राजापानीको भाँडबैँसीमा मात्र सक्खर उत्पादन हुँदै आएको छ ।

यस नगरपालिकामा उखुसँगै गहत, जुनेलो, बदाम, कपासलगायत परम्परात कृषिखेती हुँदै आएको छ । ११ वडा रहेको उक्त नगरपालिकामा परम्परागत रुपमा किसानले गर्दै आएको रैथाने बाली प्रवर्द्धनका लागि नगरपालिकाले अनुदान उपलब्ध गराउँदै आएको छ । सोही नीतिअनुसार भाँडबैँसीमा उखु किसानलाई लक्षित गरी नगरपालिकाले उखु पेल्ने मेसिन उपलब्ध गराएको नगर उपप्रमुख रमेश राउतले जानकारी दिनुभयो । रैथाने बाली संरक्षण तथा प्रवर्द्धनका लागि पाँच मुरीभन्दा बढी बदाम फलाउने किसानलाई प्रोत्साहनस्वरूप आर्थिक सहयोग दिने गरिएको उहाँले बताउनुभयो ।रासस

# प्रकृति र संस्कृतिलाई नजिकबाट हेर्ने र बुझ्ने थलो

गण्डकी । वरिपरिबाट जङ्गलले घेरिएको गुजुमुज्ज परेको बस्ती, ढुङ्गैढुङ्गाले छापिएका बाटा र ठाउँठाउँमा राखिएका गुरुङ समुदायको धार्मिक आस्थाका पवित्र कोइबोहरु । कास्कीको पर्यटकीय गाउँ सिक्लेस पुग्ने जोकोहीलाई पनि त्यहाँका प्राकृतिक सुन्दरतासँगै गुरुङ संस्कृति, परम्परा र इतिहासले लोभ्याउँछ ।

गुरुङ समुदायको बाहुल्य रहेको सिक्लेस सांस्कृतिक र पर्यटकीय हिसाबले निकै महत्वपूर्ण छ । सिक्लेसको परिचय त्यतिमा मात्रै सीमित छैन, यो राजनीतिक रुपमा ऐतिहासिक थलो पनि हो । नेपालको शान्ति प्रक्रियाको उद्गमस्थलका रुपमा पनि सिक्लेसलाई लिइन्छ ।

तत्कालीन समयमा सशस्त्र आन्दोलनरत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’सँग छलफल गरी वार्ताको वातावरण बनाउन तत्कालीन गृहमन्त्री तथा सरकारी वार्ता टोलीका संयोजक कृष्णप्रसाद सिटौला सिक्लेस पुग्नुभएको थियो ।

त्यसलगत्तै अध्यक्ष प्रचण्डलगायत माओवादी पार्टीको शीर्ष नेतृत्व २०६३ असार २ गते बालुवाटारमा सार्वजनिक हुनुभएको थियो । शान्ति प्रक्रियाको प्रस्थान विन्दु बनेको यो स्थानमा केही समयअघि शान्ति स्मारकको अनावरण गरिएको थियो ।

पर्यटन राजधानी पोखराको काहुँखोलादेखि ३७ किलोमिटर दूरीमा रहेको यो ठाउँ समुन्द्री सतहबाट करिब एक हजार ९५० मिटरको उचाइमा छ ।



केही वर्षयता आन्तरिक र बाह्य पर्यटकको आगमन बढ्न थालेपछि सिक्लेसमा घरबास र होटेलहरुको सङ्ख्या बढ्न थालेको छ ।

प्रकृति र संस्कृतिको धनी सिक्लेसमा स्थानीयको न्यानो आतिथ्यताले पर्यटकलाई लोभ्याउने गरेको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत रहेको यो गाउँ मादी गाउँपालिकाको वडा नं १ मा पर्दछ । सिक्लेस प्रवेश गर्दा तातो चिया र मकै भटमासले स्वागत गर्ने यहाँको चलन छ ।

बेलुका होटेल तथा घरबास सञ्चालकले मीठो परिकारको स्वाद चखाउँछन् ।

त्यसैगरी, टीका र फूलले बिदाइ गर्ने परम्परा छ । सिक्लेसमा एक पटक आउने पर्यटक दोहोऱ्याएर आउने गरेको साजन इन्द्रेणी गेष्ट हाउसका सञ्चालक लिलिमाया गुरुङको अनुभव छ । गुरुङ गाउँका रुपमा आफ्नै विशिष्ट मौलिकता बोकेको सिक्लेस प्रकृति र संस्कृतिका जीवन्त पक्ष हेर्ने बुझ्ने थलो पनि भएको उहाँको भनाइ छ । पछिल्लो दश वर्षदेखि सिक्लेसमा होटल सञ्चालन गरिरहनुभएकी उहाँले सुरुमा घरबासस ‘होमस्टे’ सुरु गर्नुभएको थियो । हाल सिक्लेसमा २८ वटा होटल तथा ३६ वटा घरबासले पर्यटकलाई सेवा दिइरहेका छन् ।

सिक्लेसमा अन्नपूर्ण संरक्षण आयोजना (एक्याप)ले सञ्चालन गरिरहेको इको म्युजियम र यहाँ बनाइका कोइबोहरू अनुसन्धानकर्ताका लागि गन्तव्य बन्दै गएको मादी गाउँपालिका-१ का वडाअध्यक्ष देवीजङ्ग गुरुङले बताउनुभयो ।

इको म्युजियममा विशेषतः सांस्कृतिक सम्पदा र परम्पराका साथै गुरुङ समुदायको जीवनशैली (अन्य जातीय अल्पसङ्ख्यकहरूसहित) आदिलाई जीवन्त रुपमा चित्रण गर्नेगरी सामग्री राखिएका छन् । विशेषतः गुरुङ समुदायको रहनसहनलाई सङ्ग्रहालयमा देखाउने प्रयास गरिएको अध्यक्ष गुरुङको भनाइ छ ।

गुरुङ सभ्यताको विशिष्टस्थलका रुपमा विकसित सङ्ग्रहालय गुरुङ सभ्यताको जानकारी राख्न चाहने जो कोहीका लागि उपयोगी बन्दै गएको छ । सङ्ग्रहालयमा गुरुङ संस्कृतिका साथै पर्यावरणीय अध्ययन तथा सिक्लेस क्षेत्रमा पाइने विभिन्न जडीबुटी राखिएको छ ।

सङ्ग्रहालयमा सिक्लेस क्षेत्रमा पाइने जडीबुटीहरु कुट्को, कुरिलो, सतुवा, विष, नीलोविष, जटामसी, सिल्टिमुर, पाँचऔँले, यार्सागुम्बाबारे जानकारी एवम् अवलोकन गर्न सकिन्छ । साथै गुरुङ संस्कृतिका वेशभूषा, संस्कृतिका साथै रहनसहनका हरेक पक्षलाई जीवन्त चित्रण गर्ने किसिमका सामग्री प्रदर्शनमा राखिएको छ । सङ्ग्रहालयमा गुरुङ समुदायको मौलिक पोसाक राखिएको छ । साथै पर्यटकहरु उक्त पोसाकमा सजिएर तस्बिर खिच्ने गरेका छन् । सङ्ग्रहालय प्रवेश गर्ने बित्तिकै गुरुङ धर्मगुरु पत्यु, ल्हेउरी र बन्पोलमको प्रतिमा देख्न सकिन्छ ।

विसं २०७१ देखि सञ्चालनमा आएको सङ्ग्रहालय यहाँ पर्यटकको ‘बलेट लिस्ट’मा छुटाउने नहुने गन्तव्य भएको सङ्ग्रहालय व्यवस्थापन उपसमितिका सचिव कृष्टी गुरुङको भनाइ छ ।

चालु आर्थिक वर्षको छ महिनामा एक हजार ७०० जनाले सङ्ग्रहालयको अवलोकन गरिसकेका छन् । सङ्ग्रहालयमा प्रवेश शुल्कबापत नेपाली सर्वसाधारणका लागि रु ५०, विद्यार्थीका लागि रु ३० र विदेशी पर्यटकका लागि रु एक सय ५० निर्धारण गरिएको छ ।

पर्यटकको सुरक्षाका लागि विभिन्न ६४ स्थानमा सिसिटिभी जडान गरिएको वडाअध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार सिक्लेसलाई सांस्कृतिक ग्रामका रुपमा विकास गर्नेगरी व्यवस्थित सिँढी, बाटो, सडक बत्तीको व्यवस्था पनि भइसकेको छ ।

स्थानीय स्तरमा सञ्चालित सिक्लेस हाइड्रोपावरबाट २०० किलोवाट विद्युत् नियमित आपूर्ति भइरहेको छ । सिक्लेसमा सङ्ग्रहालयसँगै शान्ति स्मारक, सिक्लेस पार्क पनि निर्माण गरिएको छ । यहाँबाट देखिने विभिन्न हिमालको दृश्यावलोकन पर्यटक आकर्षित गर्ने माध्यम हुन् ।रासस

# यस्तो छ तरकारी र फलफूलको बजार मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तरकारी विकास समितिले शुक्रबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । शुक्रबार गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभैँडा सानो (भारतीय) प्रतिकेजी रु ३०, गोलभैँडा सानो (तराई) प्रतिकेजी रु २५, आलु रातो प्रतिकेजी रु ३८, आलु रातो (भारतीय) प्रतिकेजी रु ३५, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६५, गाजर (लोकल) प्रतिकेजी रु ४०, गाजर (तराई) प्रतिकेजी रु ३०, बन्दा (लोकल) प्रतिकेजी रु २०, बन्दा (तराई) प्रतिकेजी रु १५, बन्दा (नरिवल) प्रतिकेजी रु १५, काउली स्थानीय प्रतिकेजी रु १५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २०, काउली (तराई) प्रतिकेजी रु १५, मूला रातो प्रतिकेजी रु २५, मूला सेतो (लोकल) प्रतिकेजी रु २५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ३०, भन्टा डल्लो प्रतिकेजी रु ४० कायम भएको छ ।

यसैगरी, मटरकोसा प्रतिकेजी रु ५०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ५०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ४०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ७०, टाटे सिमी प्रतिकेजी रु ४०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ५०, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ८०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु १२, पालुङ्गो



साग प्रतिकेजी ४०, चमसुरको साग रु ४०, तोरीको साग प्रतिकेजी रु २५, मेथीको साग प्रतिकेजी रु ४०, हरियो प्याज प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ७०, तरुल प्रतिकेजी रु ९०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३५० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकेजी रु ३०, चुकुन्दर प्रतिकेजी रु ८०, सजिवन प्रतिकेजी रु २५०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु २६०, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १६०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १३५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, जुनार प्रतिकेजी ११०, काँक्रो (लोकल) प्रतिकेजी रु १२०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ४५, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २४०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १२०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ६०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ६०, लसुन हरियो प्रतिकेजी रु ७०, हरियो धनिया प्रतिकेजी रु ४०, लसुन सुकेको (चाइनिज) प्रतिकेजी रु ३००, लसुन सुकेको (नेपाली) प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, रहेको छ । रासस

# सदरमुकाम निर्माण स्थलका रुख काटियो

त्रिवेणी । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको नमुना सदरमुकाम निर्माण स्थलका रुख काटिएका छन् । जिल्लाको कावासोती नगरपालिका-३ मा नमुना सदरमुकाम निर्माण स्थलमा पर्ने छ सय ४२ रुखमध्ये पहिलो चरणमा ४७ रुख काटिएको हो ।

सघन सहरी विकास तथा भवन निर्माण आयोजना चितवनका सहायक इञ्जिनियर कुन्दन तिवारीका अनुसार पहिलो चरणमा भवन निर्माण हुने स्थलका ४७ रुख काटिएको छ । विसं २०७६ वैशाख ७ गते प्रधानमन्त्री केपी शर्मा ओलीले नमुना सदरमुकामको शिलान्यास गर्नुभएको थियो । उक्त स्थानमा रहेका रुख हटाउने निर्णय नहुँदा काम अघि बढ्न सकेको थिएन । हालै मन्त्रिपरिषद्ले सदरमुकाम निर्माण स्थलका छ सय ४२ रुख कटानका लागि स्वीकृत प्रदान गरेको थियो । उक्त निर्णयसँगै पहिलो चरणमा निर्माण हुन लागेको भवन रहने स्थानमा पर्ने रुख काटिएको सहायक इञ्जिनियर तिवारीले बताउनुभयो ।

नवलपुरको नमुना सदरमुकाम निर्माण स्थलका लागि छुट्याइएको एक सय ८४ बिघा जग्गामा सङ्घ र प्रदेशका सबै कार्यालय निर्माणको योजना रहेको छ । सोअनुसार पहिलो चरणमा जिल्ला प्रशासन कार्यालयको भवन र थप दुई कार्यालयका लागि एकीकृत भवन निर्माण गर्नेगरी चौधरी कन्स्ट्रक्सन रौतहटसँग ठेक्का सम्झौता भएको सहायक इञ्जिनियर तिवारीले बताउनुभयो । रासस

# नारायणी अस्पतालका चिकित्सक उपचार छाडि सडकमा

**टुडे समाचारदाता**

वीरगञ्ज। नारायणी अस्पतालमा उपचारका लागि कोठाको समस्या भएपछि थप उपचार कक्ष निर्माणको माग गर्दै चिकित्सकहरु सडकमा ओर्लेका छन्।

चिकित्सकहरु रोगीको उपचार छाडेर भवन निर्माणका लागि दबाव दिने नाममा सडकमा धर्ना दिन थालेका छन्।

नारायणी अस्पताललाई ५०० शैय्याको भवन निर्माणको लागि टेण्डर आह्वान भए पनि टेण्डर विरुद्ध अदालतमा मुद्दा परेपछि निर्माण कार्य अनिश्चिततामा पर्दै आएको छ।

केन्द्रीय अस्पतालको रुपमा रहेको नारायणी अस्पतालमा पाँच सय शैय्याको भवन बनाउन स्वास्थ्य मन्त्री उपेन्द्र यादव भए बेला बजेट निकासा गरिएको थियो। टेन्डर प्रक्रियामा त्रुटि देखाउँदै सर्वोच्च अदालतमा पुगेको मुद्दा फैसलामा भएको विलम्बले गर्दा



भवन निर्माण असर पर्दै आएको छ।

भवन निर्माणको लागि दबाव दिन संघर्ष समितिनै बनाएर चिकित्सकहरु धर्नामा बसेका छन्।

संघर्ष समितिको आहवानमा शुक्रबार बिहान ११ बजे देखि अस्पताल अगाडि सडकमै चिकित्सकहरु धर्नामा बसेका थिए। अस्पतालको भवन निर्माणको लागि टेण्डर भएपनि अहिले उक्त टेण्डरमा कानूनी उल्झन आएको र निर्माणमा ढिलाई भएकोले चिकित्कस, स्वास्थ्यकर्मी, नागरिक समाज लगायत स्थानीयहरु सहित सडकमा ओलिएको संघर्ष समितिका संयोजक डा. निरज कुमार सिंहले बताए।

निर्माणको लागि सम्बन्धित मन्त्रालयमा पटक पटक आग्रह गर्दा पनि निर्माणको लागी निकास नपाएकोले बाध्य भएर सडक अवरुद्ध पारेर धर्नामा बस्न बाध्य भएको संयोजक डा. सिंहको भनाइ छ।

स्वास्थ्य पूर्वाधार निर्माणका लागि पहिलो पटिक चिकित्सक र स्वास्थ्यकर्मीहरु एप्रोन नै लगाएर सडक जाम गर्न बाध्य भएको संयोजक डा.सिंहले बताए।

सरकारी र विकास समिति तर्फबाट ३०० शैय्याको उपचार सञ्चालनमा छ। आर्थिक वर्ष २०७४/७५ को एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नेपाल सरकारले प्रत्येक प्रदेशमा ५०० शैय्याको अस्पताल निर्माण गर्ने सरकारको योजना रहेको छ।

नारायणी अस्पतालको भवन अनुमानित लागत १ अर्ब ५५ करोड ५३ लाख ८४ हजार ७५ रूपैयाँमा टेन्डर प्रक्रिया नै अन्योलमा परेको छ।

शहरी विकास तथा भवन निर्माण विभाग र टेन्डर कम्पनीको विवाद अदालतको न्यायिक निरुपणको प्रक्रियामा रहेको छ। बारा पर्सा रौतहट सर्लाही लगायत छिमेकी राष्ट्र भारतका गरिब जनताहरूलाई यो अस्पतालले सेवा पुऱ्याउँदै आएको छ।

# शहिदसंग पनि विभेद

ब्लग :




श्यामसुन्दर शशि

प्रत्येक वर्ष माघ १० देखि १६ गतेसम्म शहीद सप्ताहतथा माघ १६ गते शहीद दिवस मनाउने पञ्चायतकाल देखिकै परम्परा हो। राणा शासनको विरोध गरेको आरोपमा राणा शासकहरुले वि.सं. १९९७ माघ १३ गते धर्मभक्त माथेमा, माघ १५ गते गंगालाल श्रेष्ठ र दशरथ चन्द तथा माघ १६ गते शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिएको थियो। राजा महेन्द्रले बीपी कोइराला नेतृत्वको जननिर्वाचित सरकारलाई अपदस्थ गरी वि.सं.२०१७ साल पुस १ गतेदेखि शुरु गरेको क्रूर पञ्चायतीकालदेखि शहीद दिवसको प्रचलन शुरु भएको थियो। जो गणतन्त्रान्त्रिक नेपालमा पनि पुरानै यति-गतिमा मनाइँदै आएको छ।

मुलुकमा भएका जुनसुकै राजनीतिक, आर्थिक, सामाजिक वा पहिचानको आन्दोलनमा शहादत दिनै सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति श्रद्धासुमन व्यक्त गर्दै आज एउटा यस्तो शहीदको चर्चा गर्न चाहन्छु, जसलाई नेपालको मुलुकी ऐन संशोधन गरेर विधिवत मृत्यु दण्ड दिइए पनि उनलाई औपचारिक शहीदको सम्मान भने उनी शहादत दिएको ५२ वर्षपछि मात्र प्राप्त भएको थियो। मुलुकमा शहीदसंग पनि विभेद हुन्छ भन्ने अपत्यारिलो भाष्यलाई प्रमाणित गर्ने उनी थिए- धनुषाको सीमावर्ती गाउँ जटहीमा वि.सं.१९९९ वैशाख १४ गते जन्मग्रहण गरेका परिवारका एक मात्र वारेस अमर शहीद दुर्गानन्द झा।

२०१७ साल पुस १ गते राजा महेन्द्रले प्रधानमन्त्री विशेश्वर प्रसाद कोइराला, गणेशमान सिंहलगायतका कांग्रेस नेताहरुलाई जेलमा हालेर पञ्चायती व्यवस्था शुरु गरेका थिए। राजाको यस कदमको नेपाली कांग्रेसले विरोध गरेको थियो। कांग्रेस नेताहरुको सीमावर्ती भारतीय गाउँ उमगाउमा रहेको कैम्पमा राजा महेन्द्रमाथि बम प्रहार गर्ने निर्णय भएको थियो। २०१८ साल माघ ९ गते जनकपुरधाम आउन लागेका राजा महेन्द्रमाथि बम कसले प्रहार गर्ने भन्ने विषयमा छलफल भइ रहेको बेला १९ वर्षीय दुर्गानन्द झा र लगभग त्यही उमेरका धनुषा कै अरविन्द ठाकुरले 'बम प्रहार मैले गर्ने।' भन्दै जिम्मेवारी लिएका थिए।

पञ्चायती व्यवस्थाको पक्षमा जनलहर सृजना गर्ने उद्देश्यले देश दौडाहामा निस्केका राजा महेन्द्र २०१८ साल माघ ९ गते जनकपुरधाम आएका थिए। नेपाली कांग्रेसले अरविन्द ठाकुरलाई हवाई अडामा बम प्रहार




गर्ने जिम्मेवारी पाएको थियो। तर ठाकुर बम सहित प्रकाउ पर्नु भयो। दुर्गानन्द झालाई बम दिएर जानकी मन्दिर पठाइएको थियो। जानकी दर्शन गरेर फर्किने क्रममा झाले राजा महेन्द्रमाथि बम प्रहार गर्न सफल भए। यद्यपि राजालाई चोट पटक लागेन। उनी चढ्ने गाडीमा भने क्षति भयो। राजामाथि ग्रेनेट प्रहार गरेर सकुशल भारत छिरेका दुर्गानन्द झा पछि आत्मसमर्पण गर्ने उद्देश्यले जयनगरबाट रेल चढेर जनकपुरधाम आउने क्रममा बाटोमै पक्राउ परेका थिए। कष्टपूर्ण जेल जिवन पश्च्यात् वि.सं. २०२० माघ १५ गते राति सुन्धारास्थित केन्द्रीय कारागारमा २१ वर्षीय दुर्गानन्द झालाई मृत्यु दण्ड दिइएको थियो। त्यतिवेलाको मुलुकी ऐनमा ब्राह्मणलाई मृत्यु दण्ड दिने प्राब्धान थिएन। सर्वोच्च अदालतको आदेश अनुसार मुलुकी ऐन संशोधन गरेर उनलाई मृत्यु दण्ड दिइएको थियो।

मृत्यु दण्ड (फाँसी) शहीदका लागि फूलको माला सरह भए पनि शहीद परिवार तथा उनका आत्मजनका लागि कति कष्टकर र दःखदायी हुन्छ ? यो अनुभव दुर्गानन्दकी आमा सुकुमारी देवी र धर्मपत्नी काशी देवी झालाई नै थाहा होला। तर अमर शहीद दुर्गानन्द झाको हकमा अर्को पनि दुःखद घटना घटेको थियो। त्यो थियो-उनी शहादत दिएको ५२ वर्षपछि शहीद घोषणा हुनु।

दुर्गानन्द जस्तै बलिदानीहरुको बलिदानको कारणले २०४६ सालमा मुलुकमा बहुदलीय व्यवस्था आयो। दुर्गानन्दले बनाएकै गणतन्त्रको पथमा २०५२ सालदेखि माओवादी जनयुद्ध शुरु भयो। २०६३ सालमा अन्तरिम संविधान जारी भयो।

मधेश आन्दोलन भयो। तर दुर्गानन्दलाई औपचारिक रुपमाशहिद घोषणा गरिएन। २०१८ सालमा राजा महेन्द्रमाथि आक्रमण गर्न हाथमा ग्रेनेट दिएर विदा गरेको नेपाली कांग्रेस २०४६ सालयता पटक पटक सरकारमा गयो। कांग्रेस नेताहरु प्रधानमन्त्री र मन्त्री भए, तर दुर्गानन्दलाई शहीद घोषणा गरिएन। उनी शहादत दिएको ५२ वर्षपछि २०७२ साल जेठ १४ गते बसेको संविधान सभाको पहिलो बैठकबाट औपचारिक रुपमा शहीद घोषणा गरिएको थियो।

शहादतको ५२ वर्षपछि शहीद घोषणा हुनु राजनीतिक बेइमानी भएको बुझ्न सकिन्छ। तर सयौं सुरक्षाकर्मी र हजारौं समर्थकको बीचमा राजा महेन्द्रमाथि ग्रेनेट प्रहार गरेर सकुशल भारत पुगेका वीर योद्धा दुर्गानन्द झासंग यस्तो कुन घटना घटित भएको थियो, जसले उनलाई आत्मसमर्पण गर्न बाध्य बनायो ? यो अनुसन्धानको विषय हो। शहीदहरुले लगाएको ऋणको व्याज खाएर बसेका राजनीतिक दलहरुले यसको खोजीमा ध्यान दिनु पर्दछ। सलाम अमर शहिदहरु ॥

## 'नियमित कामलाई उपलब्धिका रूपमा देखाएर ढाँट्न पाइँदैन'

**टुडे समाचारदाता**

जनकपुरधाम। जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद राजकिशोर यादवले प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको नियमित कामलाई उपलब्धि भनेको भन्दै असन्तुष्टि जनाएको छ।

प्रतिनिधिसभा बैठकमा बोल्दै पूर्वमन्त्रीसमेत रहेका सांसद यादवले नियमित रूपमा भए गरेका कामलाई उपलब्धिका रूपमा देखाएर सरकारले छुट नपाउने बताए।



उनले भने, 'नियमित कामलाई उपलब्धि भन्नु आफैँलाई ढाट्नु बराबर हो।' अर्थतन्त्र सुधारका पक्षमा काम गरिएको भनेर प्रधानमन्त्रीले संसदमा धारणा राखेको बताउँदै उनले तदअनुरुपको काम गर्न आग्रह गरे।

उनले नागरिकमा रहेको निराशालाई आशामा बदल्ने गरी संसदको चालु अधिवेशनबाट आवश्यक विधेयक पारित गर्नुपर्ने बताए।

पाथिभारा केबलकार निर्माणका क्रममा उत्पन्न विवादमा स्थानीय प्रशासनले बल प्रयोग गर्दा भएको समस्या सृजनाप्रति सरकारको ध्यानाकर्षण गराउँदै उनले घाइतेको निःशुल्क उपचारको प्रबन्ध गर्न माग गरे।

## 'किन भारत भ्रमण नगएको ?'

**टुडे समाचारदाता**

जनकपुरधाम। आम जनता पार्टीका अध्यक्ष प्रभु साहले सरकार नढल्ने हो भने प्रधानमन्त्री केपी शर्मा ओलीले किन भाका तोकेको भन्दै प्रश्न गरेका छन्।

प्रतिनिधिसभाको बैठकमा शुक्रबार पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले ओली प्रधानमन्त्री भएपछि वैदेशिक सम्बन्धसमेत बिग्रन पुगेको आरोप लगाए।

अध्यक्ष साहले भने, 'तपाईं



आफैं बोलिरहनुभएको छ सरकार ढल्छ। प्रधानमन्त्री आफैं हप्ताको एकपटक भनिरहनुभएको छ। ढल्दैन भने किन भाका राखिरहनुपर्छ।'

उनले ओली प्रधानमन्त्री भएपछि अन्तर्राष्ट्रिय सम्बन्ध बिग्रन पुगेको भन्दै अध्यक्ष साहले प्रश्न गर्दै भने, 'भारत भ्रमण किन गर्नु भएन ?', उनले अघि थप्दैं भने, 'प्रधानमन्त्री चीन भ्रमणबाट आएर भन्नुभयो भारत भ्रमणमा जान्छु। तर किन भारत भ्रमण भएन हामी प्रश्न गर्न चाहान्छौं।'

## प्लास्टिक उद्योगमा आगलागी, चार करोड बढीको क्षति



**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको ईश्वरपुरमा प्लास्टिक उद्योगमा आगलागी हुँदा करोडौँको क्षति भएको छ। आगलागीबाट जिल्लाको ईश्वरपुर नगरपालिका-७ स्थित ब्रह्मस्थानमा रहेको हिमालयन पोली नेपाल नामको प्लास्टिक झोला उद्योग नष्ट भएको छ।

विद्युत् 'सर्ट' भएर राति एक्कासि लागेको आगोले उद्योग रहेको नेत्रबहादुर कार्कीको घर पूर्ण रूपमा नष्ट भएको छ भने छिमेकी नवलकिशोर साहको घरमा आंशिक क्षति पुगेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी उपरीक्षक दीपक श्रेष्ठले जनाए।

चन्द्रनगर गाउँपालिका-४ स्थित पोखरिया टोल निवासी रामछविला साहले कार्कीको घर भाडामा लिएर उद्योग सञ्चालन गरेका थिए।

आगलागीबाट उद्योगमा रहेको सम्पूर्ण उपकरण, तयारी सामग्री, कच्चापदार्थलगायत सामान नष्ट हुँदा सात करोड पचास लाख रुपैयाँ बढीको क्षति पुगेको उद्योग सञ्चालक साहले बताए।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय, हरिवन र मलङ्गवा नगरपालिकाबाट पुगेको वारुणयन्त्रको सहयोगमा साढे २ घण्टापछि आगो नियन्त्रणमा आएको थियो। घटनाको विषयमा थप अनुसन्धान भइरहेको श्रेष्ठले बताए।

आगलागीबाट अनुमानित चार करोड रुपैयाँ बढीको क्षति भएको प्रहरको अनुमान रहे पनि क्षति र घटनास्थलको मुचुल्का संकलनको काम भइरहेकाले क्षतिको यकिन विवरण आउन बाँकी रहेको उनले बताए।

## २० वर्षदेखि फरार अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। लागूऔषध चरेश मुद्दामा दोषी ठहर भएपछि २० वर्षदेखि फरार रहेका एक जना अभियुक्तलाई पर्सा प्रहरीले पक्राउ गरेको छ। कसुर ठहर भई अदालतबाट सजायको फैसला भएपश्चात फरार रहेका वीरगन्ज महानगरपालिका-१६ नगवाका ४१ वर्षीय चन्दन कुमार रौनियार पक्राउ परेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

रौनियारलाई वीरगञ्ज-१६ नगवामै लुकिछिपी बसेको अवस्थामा पर्सा प्रहरीले बिहीबार पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जनाए। लम्सालले दिएको जानकारी अनुसार, लागूऔषध चरेसको मुद्दामा पर्सा जिल्ला अदालतले २०६१ असाढ १३ गते रौनियारविरुद्ध २ वर्ष ७ महिना कैद र १० हजार रुपैयाँ जरिवानाको फैसला गरेको थियो।

रौनियार फरार रहेकोमा अदालतको फैसला कार्यान्वयनका लागि जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले उनलाई पर्सा जिल्ला अदालतमै बुझाएको छ।

# चिनियाँ दुतावासले मधेशमा कमसल साइकल वितरण गरेको आरोप

**अनिल तिवारी**

वीरगञ्ज। चिनियाँ दुतावासले मधेशमा पुरानो साइकल वितरण गरेको खुलासा भएको छ। चीनको सिएफआरडिले विद्यालयको छात्राहरुलाई वितरण गरेको साइकल पुरानो र कमसल भएको आरोप वीरगञ्जका बालिकाहरुको रहेको छ। एक साता अगाडि मधेशको एकमात्र महानगरपालिकाको रुपमा रहेकोवीरगञ्ज महानगरपालिकामा सिएफआरडिको माध्यमबाट चाइनिज साइकल वितरण गरिएको थियो। वितरण गरिएको साइकल देख्दाँ चमकिलो भए पनि प्राविधिक रुपमा त्यसका पार्टस्हरु पुरानो भएको विद्यार्थीहरुको आरोप छ। वीरगञ्ज महानगरपालिकाको समन्वयमा वीरगञ्ज महानगरपालिका वडा नम्बर १५ स्थित श्रीनरसिंह माध्यमिक विद्यालयमा एक कार्यक्रम गरी चाइना फाउन्डेशन फर रुरल डेभलपमेन्टको नेपाल कार्यालयले त्यस विद्यालयमा अध्ययनरत छात्राहरुलाई साइकल वितरण गरेको



थियो। विद्यालयमा आयोजित साइकल वितरण कार्यक्रममा चाइनिज दुतावासका कन्सुर वांग सिनको विशेष उपस्थिति र वीरगञ्ज महानगरपालिकाका उपमेयर इम्तीयाज आलमको प्रमुख आतिथ्यमा दुई सय साइकल वितरण गरिएको जनाइएको थियो।

विद्यार्थीहरुलाई वितरण गरिएको सो चाइनिज साइकल मध्ये कतिपय साइकलका पार्टस्हरु प्राविधिक रुपमा पुरानो र कमसल भएको विद्यार्थीहरुको आरोप छ। देख्ता नयाँ र चमकिलो देखिने गरे पनि उक्त चाइनिज साइकलहरुको ब्रेकवायर छिट्टै भाँचिने, ब्वल वैरिगंहरु पुरानो भएको कारण साइकल प्रयोगभन्दा बढी बिग्रिने गरेको नरसिंह विद्यालयका एक विद्यार्थीले गुनासो गरे। उनले भने, 'साइकल देख्दा नया छ ,तर यसको ट्युर र ब्रेकवायरहरु कमशल भएकोले मिस्त्री कहा देखाउँदा पुरानो साइलकलाई पेन्ट गरिएको जस्तो देखियो, हामी त नयाँ साइकल पाएको भन्दै दगं भएका थियौं।'

सन २०२२मै नेपालमा साइकल बितरण गर्ने चिनको योजना रहेको थियो।जसले गर्दा साइकल पुरानै समयमा आयात भएको कारण केहिमा खिया लागेको बिद्यालयका एक शिक्षकको भनाइ थियो। 'सबै साइकल नभइ ,केहि साइकलको बारे विद्यार्थीहरुले गुनासो गरेको विद्यालयका शिक्षकले जनाए। तर विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष रामनारायण कुर्मिले विद्यालयमा बिरतण गरिएको सवै साइकल नयां भएको दाबी गर्नुभयो।

मुख्य रुपमा मिधेस प्रदेशमा सक्रियता बढाउन चाइना दुतावास केहि समय यता आफ्नो सक्रिय बढाएको छ। जस अर्न्तगत विभिन्न व्यापारको वहाना र मधेसी जनताको समाजिक तथा शैक्षिक उथ्थानका लागी विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई स्कुल बैग शिक्षण सामग्रीं देखि साइकल विरतण कार्यक्रलमा तिब्रता दिइएको छ। मधेस प्रदेश सरकारले विगतमा चलाइएको साइकल बितरण कार्यक्रमको लोकप्रियतालाई मध्यनजर गर्दै चाइना दुतावासले पनि यो प्रदेशको बालबालिकलाई साइकल बिरतण कार्यक्रम सुरु गरेको बताइन्छ।

तर सुरुमै बितरण गरिएको साइलकल पुराना र कमसल भएको आरोप लागेपछि उसका पछिला साइकल बितरण कार्यक्रमहरु ओझेलमा परेका छन।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८